# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २६ गते २०४१ साल

श्री ५ को सरकार
अर्थ मन्त्रालयको
सूचना

माननीय अर्थ मन्त्री डा. प्रकाश चन्द्र लोहनीले २०४१ साल आषाढ २६ गतेका दिन दिनुभएको आर्थिक बर्ष २०४१।४२ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

अध्यक्ष महोदय,

१.१ श्री ५ महाराजाधिराज सरकारको असीम निगाहबाट अर्थ मन्त्रीको अभिभारा पाएकोमा मौसूफप्रति सभक्ति कृतज्ञता चढाउँदै राष्ट्रिय पञ्चायतको यो पैंतीसौं अधिवेशनमा आर्थिक वर्ष २०४१।४२ को आय-व्यय विवरण पेश गर्न उपस्थित भएको छु ।

१.२ यो आय-व्यय विवरण तयार गर्दा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट यही नव वर्षको शाही सन्देशमा "विकास भन्ने कुरा खासगरी आन्तरिक प्रयासकै प्रतिफल हो । राष्ट्र उत्थानको पहिलो अवस्था नै यस प्रक्रयामा सम्पूर्ण जनसहभागिता हुनु हो" भनी बक्स भएको निर्देशनलाई नै मार्ग दर्शनको रूपमा लिएको छु । दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाले परिलक्षित गरेको समृद्ध र शोषणरहित समाजको सिर्जना गर्न हामीले परम्परागत सोचाइलाई त्यागेर अर्थतन्त्रलाई नयाँ मोड



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिन सक्नु परेको छ । जनतामा रहेको सिर्जनात्मक प्रतिभा र उत्साहलाई आर्थिक विकासको क्षेत्रमा पूर्ण रूपमा प्रस्फुटित हुने वातावरण र मौका सिर्जना गर्नु नै अर्थतन्त्रमा गतिशीलता ल्याउनको निमित्त महत्वपूर्ण हुन आउँछ । तसर्थ, आर्थिक विकास प्रक्रियामा सर्वसाधारण नेपालीले सहभागी हुन पाउने अवसर प्रदान गर्नेतर्फ नै हाम्रा सबै प्रयासहरू लक्षित हुनुपर्दछ । हाम्रो अर्थ व्यवस्थाको विकासको आधार नै प्रतिस्पर्धा, कार्यउत्कृष्टता र राष्ट्रिय आयमा बृद्धि ल्याउने नयाँ सम्पत्तिको स्वामित्वमा जनसाधारणको सहभागिता रहने हुनुपर्दछ भन्ने मेरो विश्वास छ । मैले प्रस्तुत गर्न लागेको आर्थिक वर्ष २०४१।४२ को बजेट तर्जुमा गर्दा देशको आर्थिक संरचनाहरूलाई यही दिशामा उन्मुख गराउन र अर्थ व्यवस्थामा गतिशीलता र व्यापक जनसहभागिता हासिल गर्न विभिन्न वित्तीय र मौद्रिक नीतिहरूको अवलम्बन गरेको छु । यी नीति एवं कार्यक्रमहरूको सम्बन्धमा सविस्तार उल्लेख गर्नु भन्दा अघि, सम्माननीय अध्यक्ष महोदय, म चालू आर्थिक वर्षमा राष्ट्रिय अर्थ व्यवस्थाको स्थिति एवं श्री ५ को सरकारले लिएका आर्थिक सुधारका कदमहरूबाट हासिल भएका उपलब्धीहरू पनि सदनको समक्ष राख्न चाहन्छु ।

१.३ चालू वर्षको शुरूमा देश आर्थिक दृष्टिकोणले बडो अप्ठ्यारो स्थितिबाट गुज्रीरहेको बारे यस गरिमामय सदनलाई मैले गत अधिवेशनमा अवगत गराएको थिएँ । मुद्रा प्रदायमा ठूलो बृद्धि, चर्को मुद्रास्फिति, विदेशी मुद्राको संचितिमा ठूलो ह्रास र त्यसबाट उत्पन्न विभिन्न समस्याहरूले देशको आर्थिक स्थिरतामा नै ठूलो आघात पुऱ्याएको थियो । यस प्रकारको अर्थतन्त्रमा देखिएका विसंगति नियन्त्रण गर्नेतर्फ नै श्री ५ को सरकारले आफ्नो ध्यान केन्द्रित गऱ्यो । फलस्वरूप चालू आर्थिक वर्ष २०४०।४१ मा हासिल भएका उपलब्धी तथा अरू आर्थिक गतिविधिबारे मैले हिजो यस सदनमा पेश गरेको आर्थिक सर्वेक्षणबाट पनि माननीय सदस्यहरूलाई अवगत भैसकेकै हुनुपर्दछ । तथापि यस सम्बन्धमा संक्षिप्त विवेचना यहां प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ भन्ने ठानेको छु । गत वर्ष कृषि बाली उत्पादन ६.७ प्रतिशतले घटेकोमा चालू वर्ष १८.४ प्रतिशतले बृद्धि भएको छ । गत वर्षको तुलनामा खाद्यान्न बालीको उत्पादन २२.३ प्रतिशतले बृद्धि भएको छ भने औद्योगिक उत्पादन गत वर्ष १८.४ प्रतिशतले बढेकोमा यस वर्ष पनि सिमेण्ट, सूती कपडा, जूट, प्रशोधित छाला, चुरोट आदिको उत्पादन उल्लेखनीय रूपले बढेकोले अरू १३.२ प्रतिशतले बढ्न सकेको छ । यस प्रकार देशको कुल गार्हस्थ्य उत्पादन गत वर्ष १.४ प्रतिशतले घटेकोमा यस वर्ष ७.४ प्रतिशतले बृद्धि हुने अनुमान छ ।

१.४ सरकारी वित्ततर्फ गत वर्ष ६.० प्रतिशतले राजस्व बृद्धि भएकोमा यस वर्ष राजस्व संकलनमा विशेष प्रयास भएकोले १६.८ प्रतिशतले बढ्ने देखिएको छ । खर्चतर्फ साधारण खर्च गत वर्ष २२.२ प्रतिशतले बढेकोमा यस वर्ष मितव्ययिताको सिद्धान्तलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दृढताका साथ अवलम्बन गरी अनावश्यक खर्च कटाएकोले साधारण खर्चको बृद्धि दर नियन्त्रण भई १३.३ प्रतिशतले मात्र बृद्धि हुने भएको छ। विकास खर्च भने गत वर्षको स्तरभन्दा १.६ प्रतिशतले बढ्ने देखिएको छ। विकासतर्फको खर्च गत वर्ष बैंकिङ्ग क्षेत्रबाट ऋण लिई ठूलो मात्रामा व्यहोरिएकोमा यस वर्ष राजस्वको बचत दरलाई बढाएर, गैरबैंकिङ्ग क्षेत्रबाट बढी मात्राभा बचत परिचालन गरेर पूरा गरिएको छ। साथै चालू वर्ष विदेशी सहायताको उपयोग गत वर्षको तुलनामा करीब २१ प्रतिशत बढ्ने अनुमान छ। यसले गर्दा सरकारी बजेटको घाटा रकम गत वर्षको तुलनामा ठूलो मात्रामा घट्ने भएको छ।

१.५ वैदेशिक व्यापारतर्फ गत वर्ष निर्यातमा ठूलो ह्रास आई निर्यात २४.१ प्रतिशतले घटेकोमा चालू वर्षको पहिलो ९ महीनामा गत वर्षको सोही अवधिको तुलनामा ६२.५ प्रतिशतले बढ्न गएको छ। आयाततर्फ गत वर्षको ९ महीनामा २३.६ प्रतिशतले बृद्धि भई आर्थिक वर्षको अन्तसम्ममा २८.१ प्रतिशतले बृद्धि भएकोमा यस वर्षको पहिलो ९ महीनामा १३.५ प्रतिशतले मात्र आयात बढेको छ। कुल व्यापार घाटा गत वर्ष ५०.७ प्रतिशतले बढेकोमा यस वर्ष निर्यातमा भएको ठूलो बृद्धिको फलस्वरूप गत वर्षको दाँजोमा कम हुन जाने अनुमान छ।

१.६ गत अधिवेशनमा देशको बाह्य भुक्तानी स्थिति बडो गम्भीर भै सकेको बारे माननीय सदस्यहरूलाई अवगत गराएको थिएँ। त्यस बखत देशको कुल विदेशी मुद्राको संचितीमा ठूलो ह्रास भएको थियो। यस मध्ये २०३९ आषाढ मसान्तमा परिवर्त्य मुद्राको संचिती रू. २ अरब ४३ करोड भएकोमा २०४० आषाढ मसान्तमा रू. १ अरब ५५ करोडमा झरेको थियो। यसको अतिरिक्त रू. ५५ करोड बराबरको विदेशी मुद्रा पहिले खोली सकेको प्रतितपत्रबाट उत्पन्न दायित्व पूरा गर्नु पर्ने अवस्थामा थियो। मुख्यतः विदेशी मुद्राको संचिती घट्ने प्रबृत्ति निकै चिन्ताजनक थियो र यो प्रबृत्तिमा रोक लगाउनु अपरिहार्य थियो। यही दृष्टिकोण अनुरूप विदेशी मुद्राको अनावश्यक खर्चमा व्यापक कटौती गरी यसको आर्जनतर्फ विशेष ध्यान दिइयो। यसै क्रममा चालू वर्षको पहिलो ९ महीनामा व्यापारिक आयातको लागि जम्मा रू. २३.८६ करोडको मात्र आयात इजाजतपत्र प्रदान गरियो जबकि गत वर्ष यही अवधिमा रू. ९२.१० करोडको आयात इजाजतपत्र प्रदान गरिएको थियो। निर्याततर्फ पनि श्री ५ को सरकारले नौ सूत्रीय कार्यक्रम लागू गरी निर्यातमा उल्लेखनीय बृद्धि गर्न सफलता प्राप्त गर्न सक्यो। यी कदमहरूको फलस्वरूप गत वर्ष आषाढ मसान्तको तुलनामा गत वर्ष सिर्जित रू. ५५ करोडको दायित्व पूरा गरेर पनि हाल करीब रू. २७ करोडको बृद्धि भएको कुरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु।

१.७ मुद्रा प्रदायतर्फ गत वर्ष श्री ५ को सरकारले बैंकिङ्ग क्षेत्रबाट लिएको कर्जा रकममा अत्यधिक बृद्धि भएकोले देशको कुल वैदेशिक सम्पत्ति तथा निजी क्षेत्रमा जाने कर्जा रकममा बृद्धि हुन नसक्दा पनि कुल मुद्रा प्रदाय २०.४ प्रतिशतले बृद्धि भएको थियो। चालू वर्षमा श्री ५ को सरकारले मितव्ययी दृष्टिकोण राखी सरकारी बजेट घाटा कम गर्नुको साथै बैंकिङ्ग क्षेत्रबाट कम ऋण उठाई घाटा पूर्ति गरिएकोले मुद्रा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रदायको बृद्धिदर पनि नियन्त्रित भई वर्षको अन्तसम्ममा ११ प्रतिशत भन्दा बढी नहुने अनुमान छ।

१.८ केही वर्षदेखि मूल्य बृद्धि एक प्रमुख समस्याको रूपमा रहेको थियो। यसबाट सर्वसाधारणलाई विशेष गरी निश्चित आय हुने वर्गलाई यसको चापले पिरोली रहेको थियो भने हाम्रा व्यापारिक सम्बन्ध भएका देशहरूमा हुने गरेको मुद्रास्फितिभन्दा हाम्रो मुद्रास्फिति बढी हुने गरेकोले ती देशहरूमा हाम्रो प्रतिस्पर्धात्मक स्थिति कमजोर हुन गई निर्यातमा समेत प्रतिकूल असर पर्न गएको थियो। गत वर्ष राष्ट्रिय उपभोक्ता मूल्य-सूची १४.२ प्रतिशतले बढेकोमा चालू वर्षको ६ महीनामा २.१ प्रतिशतले ह्रास हुन आएको छ। कृषि उत्पादनमा भएको बृद्धिको साथै अत्यावश्यक वस्तु तथा निर्माण सामग्रीहरूको आपूर्तिलाई नियमित गर्न सकिएको फलस्वरूप मूल्य बृद्धिदर नियन्त्रित हुन सकेको छ।

१.९ चालू वर्ष निजी क्षेत्रको विकासको लागि वित्तीय साधनको परिचालनमा जोड दिने र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी देशको आर्थिक विकासमा बढी व्यक्तिहरूलाई सहभागी बनाउने उद्देश्यले वित्तीय तथा बैंकिङ्ग विकास कार्यक्रमहरू अवलम्बन गरियो। यस सन्दर्भमा हालै श्री ५ को सरकार तथा संयुक्त राष्ट्र संघीय औद्योगिक विकास संगठनको संयुक्त तत्वावधानमा काठमाडौंमा सम्पन्न भएको लगानी प्रवर्द्धन बैठकबाट विदेशी पूँजी ल्याई स्वदेशी तथा विदेशी लगानीकर्ताको संयुक्त लगानीमा ठूला स्तरका उद्योगहरू स्थापना भई निर्यात प्रवर्द्धन तथा उत्पादन र रोजगारी बृद्धि गराउने दिशामा सघाउ पुग्ने अपेक्षा गरिएको छ।

१.१० देशमा मुद्रास्फिति हुनाको मुख्य कारण ठूलो सरकारी बजेट घाटा पनि हो। तसर्थ चालू वर्ष सरकारी बजेट घाटाबाट मुद्रा प्रदायमा प्रतिकूल असर नपरोस भन्ने उद्देश्यले तथा सर्वसाधारणमा भएको बचतलाई लगानीको अवसर प्रदान गर्न गैरबैंकिङ्ग क्षेत्रको लागि भावी राष्ट्रिय बचतपत्रको नाममा नयाँ वित्तीय यन्त्रको शुरूआत गरिएको माननीय सदस्यहरूलाई जानकारी नै छ। यस बचतपत्रको भुक्तानी अवधि १५ वर्षको राखी १३ प्रतिशत ब्याज दिने व्यवस्था गरिएको छ। यस राष्ट्रिय बचतपत्रमा सर्वसाधारणले देखाएको अभिरूचि उत्साहवर्द्धक छ र यसबाट देशको वित्तीय प्रणालीको विकास तथा आन्तरिक साधनको परिचालन गर्नमा ठूलो सघाउ हुनेछ भन्ने कुरामा म विश्वस्त भएको छु।

१.११ मैले देशको अर्थ व्यवस्थाले सामना गर्नु परिरहेको आन्तरिक तथा बाह्य असन्तुलनमा सुधार गर्ने कार्यमा हुन सकेको उपलब्धीको संक्षिप्त विवरण प्रस्तुत गरें। चालू आर्थिक वर्षको शुरूदेखि नै श्री ५ को सरकारले अपनाई आएको विभिन्न कदमहरूको यो सकारात्मक प्रतिफल हो। तर यसबाट हामीले सन्तुष्टि लिई चूप लाग्ने बेला छैन। यसतर्फ अझ जागरूक भै हामीले प्राप्त गरेको सफलतालाई सुदृढ गर्दै लैजानु आवश्यक छ।

१.१२ देशको वर्तमान आर्थिक स्थितिको सन्दर्भमा अर्थ व्यवस्थालाई स्फूर्ति प्रदान गर्न श्री ५ को सरकारले आर्थिक विकासको लागि दिनु पर्ने प्राथमिकता क्षेत्र निर्धारण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी सम्बन्धित क्षेत्रमा निश्चित भौतिक लक्ष्य हासिल गर्ने गरी सात सूत्रिय नयाँ आर्थिक कार्यक्रम जनसमक्ष ल्याएको माननीय सदस्यहरूलाई विदितै छ । यस कार्यक्रम अन्तर्गत हालसम्म केही क्षेत्रमा भएको प्रगति संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१.१३ सिंचाइतर्फ दुई वर्षभित्र १,१५,००० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध गराउने कार्यक्रम भएकोमा यस वर्ष ठूला र मझौला सिंचाइ आयोजनाबाट १६,००० हेक्टर, ट्यूबवेल र पम्प सेटबाट १६,७०० हेक्टर र सानो सिंचाइ आयोजनाबाट ५,००० हेक्टर गरी जम्मा ३७,७०० हेक्टरमा पानी पुऱ्याइएको छ । त्यस्तै कृषि विकास बैंकद्वारा सञ्चालित साना किसान विकास योजना ५० जिल्लामा पुऱ्याउने उद्देश्य राखिएकोमा ४६ जिल्लामा पुऱ्याइएको छ । साथै कृषि विकास बैंकले यस दुई वर्षको अवधिमा रू. ९९ करोड लगानी गर्ने लक्ष्य रहेकोमा यस वर्ष रू. ४० करोडभन्दा बढी लगानी गर्ने देखिएको छ । वनतर्फ यस अवधिमा जम्मा ८१ लाख बिरुवा निःशुल्क वितरण गर्ने र ६१२ बिरुवा नर्सरी स्थापना गर्ने लक्ष्य रहेकोमा हालसम्म ३१ लाख बिरुवा वितरण र ३९० नर्सरी स्थापना भइसकेको छ । त्यसै गरी ७५० गोबर ग्याँस प्लान्ट स्थापना गर्ने कार्यक्रम रहेकोमा २०५ प्लान्ट स्थापना भैसकेको छ ।

१.१४ उद्योगतर्फ जनउपयोगी औद्योगिक उत्पादन बढाउने क्रममा जम्मा ३५ वटा नयाँ उद्योगले उत्पादन शुरु गर्ने लक्ष्य रहेकोमा निजी क्षेत्रमा २२ उद्योगहरूको स्थापना गर्ने कार्य विभिन्न चरणमा छन् । यसमध्ये ७ उद्योगहरूले उत्पादन कार्य थाली सकेका छन् र १० उद्योगहरू उत्पादन गर्ने स्थितिमा छन् । निर्याततर्फ निर्यातलाई प्रोत्साहन गर्न विभिन्न सहुलियत प्रदान गरिएको सम्बन्धमा मैले उल्लेख गरिसकेको छु । फलस्वरूप कार्यक्रम अवधिमा समुद्रपार निर्यात लक्ष्य अनुरूप रू. ७५ करोड पुग्ने कुरामा म विश्वस्त छु । साधन जुटाउने र उपयोग गर्ने नयाँ संस्थागत आधार विकास गर्ने र सरकारी संस्थानहरूमा जनतालाई सहभागी बनाउने कार्यक्रम अनुसार राष्ट्रिय बीमा संस्थानको शेयरहरू सर्वसाधारणलाई बिक्री गर्ने काम सम्पन्न गरिएको छ र यो क्रम जारी रहनेछ ।

१.१५ जनसंख्या नियन्त्रणको क्षेत्रमा परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी बनाउन बढीमा दुई मात्र बच्चा भएका परिवारलाई निम्न माध्यमिक तहसम्म निःशुल्क अध्ययन सुविधा प्रदान गर्ने कार्यक्रम अनुसार यस वर्ष डोटी जिल्लाको लागि यो सुविधा उपलब्ध गराइएको छ । ग्रामीण क्षेत्रमा करीब ११ लाख थप जनतालाई खानेपानीको सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा यस वर्ष करीव ५ लाख जनतालाई यस प्रकारको सुविधा पुऱ्याउन सकिएको छ ।

अध्यक्ष महोदय,

१.१६ विश्व अर्थ व्यवस्थामा १९८३ को वर्षमा त्यस अघिको वर्षको तुलनामा सुधारको सङ्केत देखा परेको छ । विश्वको उत्पादन दर १९८२ मा यथावत रहेकोमा १९८३ को वर्षमा २ प्रतिशतले बढेको छ । औद्योगिक मुलुकहरूको मूल्य वृद्धि दर पनि घटेर ५ प्रतिशतभन्दा कम हुन पुगेको छ । नेपालको आर्थिक विकासमा वाह्य सहायताको योगदान महत्वपूर्ण भएकोले विश्व अर्थ व्यवस्थामा देखिएको यो अनुकूल प्रवृत्तिले नेपालको आर्थिक क्रियाकलापमा पनि सकारात्मक रूपमा प्रभाव पार्ने विश्वास लिन सकिन्छ । यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकार वाह्य सहयोगको अनुकूल स्थितिको लाभ उठाउँदै एकातिर हाम्रो आवश्यकता अनुरूप विदेशी सहायतालाई परिचालन गर्नु परेको छ भने अर्कोतिर उपलब्ध सहायताको उपयोग चाँडो गर्न विकास आयोजनाहरूको कार्यान्वयन गर्ने क्षमतामा ठूलो सुधार गर्नु पर्ने देखिएको छ । पेरिसमा यसै वर्ष सम्पन्न भएको नेपाल सहायता समूहको बैठकमा नेपाललाई सहायता प्रदान गर्ने विभिन्न मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूले नेपालको आर्थिक विकासमा सहयोग गर्न उत्साहवर्धक प्रतिक्रिया देखाएका छन् । फलस्वरूप आगामी वर्षहरूमा आर्थिक सहायताको स्तरमा निकै बृद्धि हुन सक्ने देखिएको छ । यस अवसरमा म नेपालको आर्थिक तथा सामाजिक विकासमा अभिरुचि लिई सहयोग प्रदान गर्ने सबै मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय संघ, संस्थाप्रति कृतज्ञता प्रकट गर्दछु ।

## २

अध्यक्ष महोदय,

२.१　अब म संक्षेपमा आर्थिक वर्ष २०३९।४० को यथार्थ खर्च र चालू आर्थिक वर्षको संशोधित अनुमानसम्बन्धी विवरण पेश गर्दछु ।

२.२　आर्थिक वर्ष २०३९।४० मा कुल रू. ९ अरब १८ करोड ७२ लाख खर्च हुने शुरू अनुमान भएकोमा रू. ६ अरब ९४ करोड ९१ लाख अर्थात् ७५ प्रतिशत कुल खर्च हुने संशोधित अनुमान गरिएको थियो । यथार्थमा रू. ६ अरब ९७ करोड ९२ लाख खर्च भयो । साधारणतर्फ रू. २ अरब २२ करोड ८४ लाख खर्च हुने अनुमान भएकोमा रू. २ अरब १४ करोड ६ लाख खर्च हुने संशोधित अनुमान भएको थियो । तर यथार्थमा रू. १ अरब ९९ करोड ७१ लाख खर्च भयो । विकासतर्फ भने शुरूको अनुमान रू. ६ अरब ९५ करोड ८८ लाख भएकोमा रू. ४ अरब ८० करोड ८५ लाख अर्थात् ६९ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको थियो । यथार्थमा विकास खर्च रू. ४ अरब ९८ करोड २१ लाख भयो ।

२.३　चालू आर्थिक वर्षमा रू. ८ अरब ४७ करोड ९७ लाख कुल खर्च हुने अनुमान गरिएकोमा रू. ७ अरब ३२ करोड ३३ लाख अर्थात् ८६ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । यसमध्ये साधारण खर्चतर्फ रू. २ अरब ३९ करोड ३५ लाख खर्च हुने अनुमान गरिएकोमा रू. २ अरब २६ करोड ३४ लाख अर्थात् ९५ प्रतिशत खर्च हुने संशोधित अनुमान छ । विकासतर्फ रू. ६ अरब ८ करोड ६२ लाख खर्च हुने अनुमान गरिएकोमा रू. ५ अरब ५ करोड ९९ लाख अर्थात् ८३ प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

२.४　आर्थिक वर्ष २०३९।४० मा राजस्वबाट रू. ४ अरब ४ करोड २५ लाख प्राप्त हुने शुरूको अनुमान भएकोमा रू. ३ अरब ५ करोड ५६ लाख प्राप्त हुने संशोधित अनुमान गरिएको थियो । तर यथार्थमा रू. २ अरब ८४ करोड १६ लाख अर्थात् शुरू अनुमानको ७० प्रतिशत मात्र प्राप्त हुन सक्यो । चालू आर्थिक वर्षमा राजस्वबाट रू. ३ अरब ९० करोड ४४ लाख प्राप्त हुने अनुमान भएकोमा रू. ३ अरब ४० करोड ३७ लाख अर्थात अनुमानको ८७ प्रतिशत प्राप्त हुने संशोधित अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.५ आर्थिक वर्ष २०३६।४० मा साधारण र विकास खर्च गरी कुल खर्च रू. ६ अरब ६७ करोड ६२ लाख मध्ये राजस्वबाट रू. २ अरब ८४ करोड १६ लाख र अनुदान सहायताबाट रू. १ अरब ६ करोड १ लाख व्यहोरिएको थियो। बाँकी रू. ३ अरब ४ करोड ७५ लाख मध्ये विदेशी ऋण सहायताबाट रू. ६८ करोड ५७ लाख र आन्तरिक ऋण रू. १ अरब उठाई नपुग हुन आएको रू. १ अरब ६ करोड १८ लाख नेपाल राष्ट्र बैंकसँग ओभर ड्राफ्ट लिई पूर्ति गरिएको थियो। चालू वर्षको संशोधित अनुमान अनुसार कुल खर्च रू. ७ अरब ३२ करोड ३३ लाख मध्ये राजश्वबाट रू. ३ अरब ४० करोड ३७ लाख र अनुदान सहायताबाट रू. १ अरब १४ करोड ५६ लाख व्यहोरिने संशोधित अनुमान छ। बाँकी रू. २ अरब ७७ करोड ३७ लाख मध्ये विदेशी ऋण सहायता रू. १ अरब ३७ करोड ३६ लाख प्राप्त गरी रू. १ अरब १४ करोड आन्तरिक ऋण उठाई नपुग रू. २५ करोड ६८ लाख राष्ट्र बैंकसँग ओभर ड्राफ्ट लिई बेहोर्नु पर्ने देखिएको छ।

## ३

अध्यक्ष महोदय,

३.१ अब म आगामी आर्थिक वर्षको आय-व्यय विवरण तयार गर्दा अपनाएको नीति एवं कार्यक्रमहरूको विवेचना गर्दछु।

३.२ देशको विगत वर्षहरूको अनुभव हेर्दा हाम्रो विभिन्न आर्थिक क्रियाकलापमा सरकारी संलग्नता व्यापक भएर गएको देखिन्छ। हाम्रो जस्तो विकासोन्मुख देशमा कुनै हदसम्म यो प्रक्रिया आवश्यक भए पनि यसैमा मात्र धेरै भरपर्दा राष्ट्रमा बचत र लगानीको वृद्धि गरी उत्पादन र कार्यकुशलतालाई प्रोत्साहन गर्न अप्ठ्यारो पर्दै गएको महसूस भएको छ।। धेरै सरकारी संस्थानहरूको कार्यकुशलता सन्तोषजनक छैन र सरकारी लगानीको प्रभावकारिता लक्ष्य अनुरूप हुन नसकेको देखिन्छ। यसरी उत्पादन र कार्यक्षमतासँग आर्थिक प्रोत्साहनको सम्बन्ध कमजोर रहँदै आएको तथ्यहरू विभिन्न क्षेत्रमा देखा पर्न थालेको छ। गैरसरकारी क्षेत्रमा पनि एकाधिकारका प्रवृत्ति कायमै छन् भने अर्कोतिर प्रतिस्पर्धात्मक वातावरणमा नयाँ आर्थिक इकाईहरूको संस्थागत विकास हुन सकेको छैन। साना लगानीकर्ता र उद्यमीहरूको लागि आवश्यक वित्तीय र प्राविधिक सहायता दिलाउने प्रक्रियामा अझै पनि चाहिँदो गतिशिलता र स्फूर्तिको कमि छ भने राष्ट्रको नयाँ सम्पत्तिको स्वामित्वमा व्यापक जनसंलग्नता गराउने प्रक्रिया अझै बाल्यावस्थामा रहेको छ।

३.३ दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले कल्पना गरेको आर्थिक गतिशिलता र व्यापक जनसहभागितालाई मूर्तरूप दिन सरकारी क्षेत्रमा मात्र धेरै भरपर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

युक्तिसंगत हुँदैन । अतः भविष्यमा हामीले निम्न पाँच कुराहरूमा विशेष जोड दिएर जानु पर्ने मैले देखेको छु । पहिलो, हाम्रो अर्थ व्यवस्थालाई बढी प्रतिस्पर्धात्मक बनाउनु, दोस्रो, प्रतिस्पर्धाको आधारमा देखिन आउने उत्कृष्ठतालाई नै आर्थिक प्रोत्साहन दिनु, तेस्रो, प्रतिस्पर्धा र प्रोत्साहनको वातावरणमा आर्थिक इकाईहरूको सञ्चालन र यस्ता आर्थिक इकाईको स्वामित्वमा यथासंभव बढी सर्वसाधारण जनताको संलग्नता बढाई लैजानु, चौथो, सरकारी आयोजना तथा लगानीलाई कार्यक्रममूलक प्रणालीको आधारमा कार्यान्वयन गर्नु, र पाँचौं, सरकारी आयोजनाको उपलब्धिलाई नै ती इकाईमा काम गर्ने व्यक्तिहरूको आर्थिक तथा अन्य प्रोत्साहनको आधार बनाउनु ।

३.४ माथि उल्लेख गरिएका बुंदाहरूलाई नै आउँदा वर्षहरूमा हाम्रो आधारभूत आर्थिक नीतिको रूपमा अगाडि बढाउन पर्ने मैले देखेको छु । आगामी बर्षको बजेट तैयारी गर्दा यही नीतिहरू व्यवहारिक रूपमा अनुशरण गर्ने प्रयास गरेको छु ।

३.५ मौद्रिक तथा वित्तीय क्षेत्रमा नयाँ नीतिहरूको कार्यान्वयन शुरू भई सकेको छ । वर्तमान अवस्थामा हाम्रो वित्तीय संस्थाहरूले एकातिर साधन बटुल्ने जाँगर देखाएका छैनन् भने अर्कोतिर बटुलेको साधनको पनि सदुपयोग गर्न सकेका छैनन् । व्यापारिक कर्जाको स्थिति हेर्दा बैंकहरूमा भएको ठूलो धनराशिको उपयोग केही व्यक्तिहरूमा मात्र सीमित रहन गएको छ भने अर्कोतिर साना व्यापारी र लगानी कर्ताहरूलाई ऋण पाउन महिनौं धाउनु पर्ने र निराशा खप्न पर्ने अवस्था छ । यो स्थितिमा सुधार गर्न बैंकिङ्ग क्षेत्रमा पनि प्रतिस्पर्धाको नीति नै उपयुक्त हुने मैले देखेको छु । यसै सन्दर्भमा नेपाली र विदेशीहरूको संयुक्त स्वामित्वमा नयाँ बैंकहरू खोल्ने नीति अपनाइएको छ । यसबाट वित्तीय संस्थाहरूबीच प्रतिस्पर्धा बढ्ने र ऋण खोज्ने ग्राहकले बढी सुविधा र विकल्पहरू पाउनेछन् । यो प्रक्रियालाई टेवा दिन विशेष गरी बैंकिङ्ग क्षेत्रमा प्रतिस्पर्धाको वातावरण सिर्जना गरी सेवामुखी बनाउन वाणिज्य बैंक ऐनमा संशोधन गर्ने विधेयक पनि यसै सदनमा पेश गरिने कुरा माननीय सदस्यहरूलाई अवगत गराउँदछु । साथै यी नयाँ संस्थाहरूको शेयर सर्वसाधारणलाई बिक्री गरी व्यापक जनस्वामित्व र जनसहभागिता बढाउने कुरा पनि जानकारी गराउँदछु ।

३.६ वित्तीय व्यवस्थामा प्रतिस्पर्धात्मक वातावरण खडा गर्न बैंकिङ्ग संस्थाहरूको विस्तारको साथै विविधिकरणको पनि आवश्यकता छ । अतः भविष्यमा वाणिज्य बैंकहरू-बाहेक फाइनेन्स कम्पनीहरू पनि निजी क्षेत्रमा नेपालीहरूले खोल्न पाउने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाएको छ । यी कम्पनीहरूको स्थापनाबाट बैंकहरूले लगानी गर्न अप्ठचारो मान्ने या नमिल्ने कतिपय क्षेत्रहरूमा साधन उपलब्ध हुनेछ ।

३.७ हालसम्म बैंकिङ्ग क्षेत्रबाट जम्मा भएको पूंजी देशका केही शहरी क्षेत्रमा सीमित रही व्यापार र सरकारी संस्थानहरूलाई साधन उपलब्ध गराउन मात्र प्रयोग भएको देखिन्छ । यो परिपाटी बदल्न बैंकहरूबाट कृषि क्षेत्रमा लगानी गर्न पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाध्यता पनि कायम गरिएको हो । तर यो वान्छित मात्रामा सफल हुन सकेको छैन । यहाँ पनि प्रतिस्पर्धा र प्रतिस्पर्धाको आधारमा आर्थिक प्रोत्साहनको आधारभूत नीति अपनाउनु पर्ने मैले देखेको छु । यही दृष्टिकोणले कृषि विकास बैंकलाई देशको मुख्य शहरी क्षेत्र र ग्रामीण क्षेत्रमा समेत निक्षेप संकलन गर्न अरू वाणिज्य बैंक सरह बैंङ्किङ्ग कारोवार गर्न छुट दिइनेछ । यो नीतिबाट करीब ५० करोड रूपैयाँ आउँदो पाँच वर्षमा कृषि विकास बैंकलाई साधन उपलब्ध हुन सक्नेछ । यसरी मुख्यतया शहरमा संकलित यो रकम ग्रामीण सिंचाइ र उद्योग जस्ता क्षेत्रमा लगानी गरिनेछ । यस-प्रकार ऋण लिएर कृषि उत्पादन बढाउन लगानी गरूँ भन्ने कृषकहरूलाई पनि हाल कर्जा नपाउने जस्तो स्थिति हट्न गई यस्ता कृषकहरूलाई ऋणको लागि निकै ठूलो स्रोत उपलब्ध हुने मैले विश्वास गरेको छु । यसबाहेक यो नयाँ स्रोतबाट ऋण लिएर लगानी गरूँ भन्ने अठोट गरेका जिल्ला पञ्चायतहरूलाई पनि आर्थिक दृष्टिकोणले संभाव्य आयोजनाहरूमा कृषि विकास बैंकबाट ऋण उपलब्ध हुने व्यवस्था मिलाइनेछ । यसबाट सक्रिय जिल्ला पञ्चायतहरूलाई रकम नभएर विकास गर्न सकिएन भन्ने भावना-बाट पिरोलिनु पर्ने छैन र जिल्ला पञ्चायत जस्तो राष्ट्रको महत्वपूर्ण राजनैतिक एवं विकास इकाईको वित्तीय संस्थाहरूसँग सोझै सम्पर्क स्थापना हुन सक्नेछ ।

अध्यक्ष महोदय,

३.८ जनसहभागिताको आधारमा नयाँ आर्थिक इकाई खडा गर्न र प्रतिस्पर्धात्मक रूपमा चलाउन पूंजी तथा शेयर बजारको आवश्यकता स्पष्ट छ । यस परिप्रेक्षमा सेक्यूरिटी खरिद बिक्री केन्द्रलाई शेयर बजार खडा गर्न लगाउन कानूनी व्यवस्था मिलाई सकिएको छ र चाँडै नै देशका केही कम्पनीहरूको शेयर सूचीकरण गराई शेयर बजारको सञ्चालन गरिनेछ । शेयर सूचीकरणलाई प्रोत्साहन गर्न सूचीकरण गर्ने कम्पनीहरूलाई आय करमा केही सहुलियत दिने व्यवस्था पनि मिलाइएको छ । साथै नयाँ शेयर अण्डर राइट गर्न नेपाल राष्ट्र बैङ्कमा एक विशेष कोष पनि खडा गरिएको छ । हाल केही कम्पनीहरूको शेयर सेक्यूरिटी खरिद बिक्री केन्द्रमार्फत बिक्री गर्दा जनतामा देखिएको उत्साह हेर्दा राष्ट्रको नयाँ आर्थिक इकाईहरूको स्वामित्वमा व्यापक जनसह-भागिता गराउन सकिने मैले स्पष्ट देखेको छु ।

३.९ कर्मचारी सञ्चयकोष साधन बटुल्ने राष्ट्रको महत्वपूर्ण संस्था हो । हाल-सम्मको यसको क्रियाकलाप हेर्दा यसको क्षेत्र विस्तार गर्ने ठूलो गुंजाइस छ । यस परिप्रेक्षमा कर्मचारी संचयकोष ऐन संशोधन गरी अरू नयाँ सञ्चयकोषहरू खडा गर्नेतर्फ कदम चालिनेछ । सञ्चयकोषमा रकम बटुल्नको लागि प्रतिस्पर्धात्मक स्थितिको सिर्जना गरिनेछ । यसबाट आफूसंग भएको साधनको बढी भन्दा बढी फाइदा हुने क्षेत्रमा लगानी गर्न सम्बन्धित इकाईहरूलाई प्रेरणा र प्रोत्साहन मिल्नेछ भन्ने मैले विश्वास लिएको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१० प्रतिस्पर्धात्मक वातावरणमा वित्तीय संस्थाहरूको विकास गर्ने हो भने व्याजदरको संरचनामा पनि लचिलोपनाको आवश्यकता छ। तसर्थ मुद्दती र बचतमा बैंङ्कले दिने न्यूनतम व्याजदर नेपाल राष्ट्र बैंङ्कले तोक्ने परम्परा कायम राखी निक्षेपलाई आकर्षण गर्न न्यूनतम दरभन्दा बढी कुनै वित्तीय संस्थाले व्याज दिन चाहेमा दिन पाउने स्वतन्त्रता दिइनेछ। साथै श्री ५ को सरकारले प्राथमिकता क्षेत्र भनी तोकेको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा कर्जा दर निर्धारण गर्ने छूट बैंङ्कलाई दिइनेछ। यसबाट राष्ट्रिय दृष्टिकोणले प्राथमिकता प्राप्त नगरेको क्षेत्रमा लगानी गर्न लगानीकर्ताले बढी व्याज तिर्नु पर्नेछ भने राष्ट्रिय आवश्यकता अनुरूप प्राथमिकता तोकिएको विभिन्न कृषि र उद्योगको क्षेत्रमा भने व्याजदरमा कुनै वृद्धि हुनेछैन।

३.११ मैले उल्लेख गरेका यी कदमहरूले साधनको सङ्कलनमा वृद्धि हुनुको साथै साधनको उपयोगमा पनि सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु। केही गर्न सक्छु भन्ने दृढता र लगन भएका लगानीकर्ताहरूलाई साधनको अभाव नहुने र प्रतिस्पर्धात्मक वातावरणको विकासले लगानीकर्तालि बढी-से-बढी सहुलियत पाउन सक्ने आशा गर्न सकिन्छ। त्यसैगरी कृषि विकास बैंङ्कप्रतिको नयाँ नीतिले शहरको बचत प्रभावकारी रूपमा गाउँको उत्पादकत्व बढाउने काममा प्रवाह हुन सक्ने, सक्रिय पञ्चायतहरू साधनको अभावमा कुण्ठित भएर सधैं श्री ५ को सरकारको मुख ताकेर बस्नु नपर्ने स्थिति विकास भएर जाने मैले विश्वास लिएको छु।

अध्यक्ष महोदय,

३.१२ वैदेशिक व्यापार र विशेषतः निकासी प्रवर्धनको क्षेत्रमा २०४०।४१ को वर्षमा उत्साहजनक प्रगति भएपनि यस स्थितिलाई आउँदा वर्षहरूमा अझ सुदृढ गराएर लैजानु पर्ने स्पष्ट छ। निकासीयोग्य वस्तुको उत्पादनमा वृद्धिको साथै निकासी-कर्ताहरूबीच प्रतिस्पर्धा र संगठनात्मक क्षमताको पनि वृद्धि हुनुपर्दछ। यिनै उद्देश्यलाई दृष्टिगत गरी श्री ५ को सरकारले आयात–निर्यात व्यापार कम्पनीहरू खडा गर्न प्रोत्साहित गर्नेछ। शेयर बिक्रीमार्फत व्यापक जनसहभागिताको आधारमा खडा हुने यी कम्पनीहरूलाई एकाधिकार दिइनेछैन र अरू व्यापारीहरूसंग प्रतिस्पर्धाको आधारमा चल्न पर्नेछ। यिनीहरूको प्रबन्ध पनि श्री ५ को सरकारले नगरी अरू लगानीकर्ताहरूको हातमा राखिनेछ र श्री ५ को सरकारको संलग्नता १० प्रतिशतभन्दा बढाइने नीति लिइने छैन। निर्यात प्रोत्साहनका लागि यस्ता कम्पनीहरूलाई निर्यात गरेको अनुपातमा आयात गर्न विदेशी मुद्राको सहुलियत पनि दिइनेछ। यसरी वैदेशिक व्यापारमा संगठित संस्थाहरूको स्थापनाबाट भविष्यमा अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने र प्रतिस्पर्धा गर्ने क्षमता बढ्ने मैले आशा लिएको छु। वैदेशिक व्यापारलाई दिइएको वर्तमान सुविधाहरू भने यथावतै कायम राखिनेछ। साथै, आवश्यकता अनुसार निर्यात प्रवर्धनको लागि अन्य उपयुक्त सामयिक कदमहरू चाल्न पनि श्री ५ को सरकार सजग रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.१३ निजी क्षेत्रमा नेपाली व्यवसायीको कार्यकुशलतालाई प्रोत्साहन दिने अभिप्रायले नेपाली ठेकेदारले नेपालभित्र काम गरेर पाउने भुक्तानीबापत विदेशी मुद्रा नेपालको बैङ्किङ्ग प्रणालीभित्र प्राप्त भएको छ भने त्यस्तो प्रमाणको आधारमा १० प्रतिशत विदेशी मुद्रा त्यस्तो नेपाली ठेकेदारलाई आफ्नो व्यवसायको निम्ति चाहिने मेशीन तथा पार्टपूर्जा खरीद गर्न उपलब्ध गराइनेछ । त्यस्तै, नेपाली ठेकेदारको विदेशीसंगको प्रतिस्पर्धात्मक स्थितिमा सुधार गर्ने दृष्टिकोणले श्री ५ को सरकार र सरकारी संस्थानहरूको अन्तरराष्ट्रिय टेण्डरको आधारमा मालसामान खरीदको वा अन्य ठेक्कापट्टाको व्यवस्था गर्दा विदेशी तथा नेपाली दुबै थरी ठेकेदारलाई ठेक्का कर तथा अन्य करहरू समान हिसाबले लाग्ने आधारमा टेण्डरहरूको मूल्याङ्कन गर्ने प्रक्रिया लागू गरिनेछ । साथै, टेण्डर मूल्याङ्कनमा नेपाली वस्तु एवं सेवालाई प्राथमिकता दिने व्यवस्था पनि आर्थिक नियममा गरिनेछ ।

३.१४ नेपाल–भारत व्यापारको सिलसिलामा केही भारतीय वस्तुहरूमा भन्सार घटाउँदा सिमावर्ती नेपालको बजारमा गुल्जार बढ्ने, भन्सार छली आयात गर्ने प्रवृत्ति घट्ने र उपभोक्तालाई समेत मूल्यमा सहुलियत हुने मैले विश्वास गरेको छु । तसर्थ कतिपय सामान्य उपभोग्य वस्तुहरूमा लगाई आएको भन्सार महसूलको दरबन्दीमा पुनरावलोकन गर्नु वान्छनीय देखिएको छ । साथै दक्षिण एशियाका देशसंग हाम्रो मित्रता र आर्थिक सम्बन्ध अझ बढी बलियो पार्ने हेतुले यी देशहरूबाट आउने मालमा पनि भन्सार दर घटाइने नीति अपनाइएको छ ।

३.१५ उद्योगको क्षेत्रमा देशभित्र उत्पादन हुने कच्चा पदार्थमा आधारित मझौला खालसम्मका इकाईहरूलाई लाइसेन्स लिन नपर्ने नीति लागू गरिनेछ । देशमा चलिरहेको उद्योगहरूलाई आवश्यकता अनुसार संरक्षण दिइनेछ, तर संरक्षणको नाममा एकाधिकार दिने नीति भने श्री ५ को सरकारले नअपनाउने तथ्य म अवगत गराउँछु ।

३.१६ कृषि विकासको क्षेत्रमा साना किसान विकास आयोजनालाई प्रभावकारी रूपमा अगाडि बढाउनुका साथै यसको क्षेत्रमा विस्तार गरिनेछ । साथै साना किसान योजना सफल भएको क्षेत्रमा साना किसानद्वारा सञ्चालित साझा संस्थाहरूलाई कृषकहरूको बचत सङ्कलन गर्ने र कृषिको लागि ऋण दिने जस्ता सीमित बैङ्किङ्ग कारोवार प्रयोगात्मक रूपमा गर्न दिइनेछ । यसको नतीजा हेरी यो कार्यक्रम कतिसम्म र कसरी विस्तार गर्ने भन्ने बारे निधो गरिनेछ । यस किसिमको कार्यक्रमबाट ग्रामीण क्षेत्रको बचत ग्रामीण क्षेत्रमैं लगानी गर्ने स्वावलम्बनको वातावरण खडा गर्न ठूलो मद्दत हुने स्पष्ट छ ।

३.१७ मैले अघि उल्लेख गरे अनुसार कृषि विकास बैङ्कलाई साधन उपलब्ध हुने नयाँ स्रोतबाट साना सिंचाईमा निकै ठूलो मात्रामा ऋण प्रवाह हुने देखेको छु । साथै, जिल्ला पञ्चायतहरूले पनि जिल्लाका सिंचाइ आयोजना सञ्चालन गर्न ऋण उपलब्ध गर्न सक्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनाले आर्थिक दृष्टिकोणले संभाव्य आयोजनाहरूको कार्यान्वयनमा सक्रियता तथा उत्साह व्यापक रूपले आउने मैले विश्वास लिएको छु । यसबाहेक मल र बीउबीजन किसानलाई उपलब्ध गराउने काममा साझा संस्था लगायत निजी क्षेत्रलाई पनि सहभागी गराउने व्यवस्था गरिने भएकोले कृषिको विकासको लागि कृषि उपकरणहरू सुलभ हुने आशा गरेको छु ।

अध्यक्ष महोदय,

३.१८ कृषकहरूको उपज समयमै खरीद गरी निकासी वृद्धि गर्नु राष्ट्रिय अर्थतन्त्रको लागि अपरिहार्य छ । कृषकहरूको उपज समयमै खरीद गर्ने काममा खाद्य संस्थान लगायत नयाँ खोलिने आयात-निर्यात कम्पनीहरूलाई पनि प्रोत्साहन गरिनेछ । तर कम्पनीहरूको खरीदको लागि निजी क्षेत्रबाट हुने खरीदमा या निर्यातमा कुनै बन्देज लगाइनेछैन । यस नीतिबाट प्रतिस्पर्धात्मक वातावरण खडा हुने, निर्यात बढ्ने र किसानले उचित मूल्य पाउनेछन् ।

३.१९ हाल खाद्य संस्थानले पहाडी भेगमा तराईबाट चामल किनेर लगी श्री ५ को सरकारले घाटा व्यहोरी कम मूल्यमा बिक्री वितरण गर्ने नीतिबाट पहाडी क्षेत्रको उत्पादनलाई समेत निरुत्साहित गरेको छ । आउँदो वर्षदेखि यथासंभव पहाडी जिल्लाहरूमा नै प्रोत्साहन-मूल्य दिई खाद्यान्न उपलब्ध हुन सकेसम्म खाद्य संस्थानले किन्ने पर्ने नीति अपनाइनेछ । प्रोत्साहन-मूल्यको कारणले पहाडमै उत्पादन बढेर जान्छ भन्ने आशा गर्न सकिन्छ भने अर्कोतिर यस नीतिबाट महंगो ढुवानी खर्चमासमेत किफायत हुने मैले विश्वास लिएको छु ।

३.२० खाद्यान्न बालीहरूतर्फ सबैभन्दा उत्साहजनक उपलब्धी गहुँको उत्पादनमा देखिएको छ । तर गहुँको उचित मूल्य समयमै दिलाउने परिपाटी अझै प्रभावकारी रूपमा लागू गर्न सकिएको छैन । यो कमि हटाउन आगामी गहुँबालीको न्यूनतम मूल्य मंसीरमै तोकिनेछ । साथै धान र गहुँ निकासीबारे प्रष्ट नीति क्रमशः मंसीर र फाल्गुनको १५ गतेभित्रमा जनसमक्ष श्री ५ को सरकारले राख्नेछ । यसको लागि सम्बन्धित मन्त्रीहरू र अन्य इकाईका प्रतिनिधिहरूसमेत भएको एक उच्चस्तरीय समितिको गठन गरिने छ । यस समितिले तोकिएका कृषि उपजहरूको समर्थन मूल्य समयमा नै तोकी त्यसको कार्यान्वयन गराउनुको साथै खाद्यान्न व्यवस्था तथा निर्यात नीति निर्धारण गर्नेछ ।

३.२१ जलस्रोतको सदुपयोगमा नै राष्ट्रको उन्नति निहित भएको स्पष्ट छ । त्यसैले जलस्रोतको विभिन्न उपयोगी पक्षहरूको विकास गरी लैजाने नीतिमा जोड दिइएको छ । यसको निमित्त सतह तथा भूमिगत जलस्रोतको उपयोग गरी ठूला साना सिंचाइ आयोजनाहरूको कार्यान्वयनमा जोड दिइएको छ । त्यस्तै ठूला जल विद्युत आयोजनाहरूको अध्ययन तथा कार्यान्वयनतर्फ पनि बढी ध्यान दिइएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२२ विद्युत उत्पादनको क्षेत्रमा निजी पूंजी प्रवाहित गर्ने उद्देश्यले श्री ५ को सरकारले १०० किलोवाटसम्म विद्युत उत्पादनमा लाइसेन्स नचाहिने नीति अपनाइसकेको छ। सय किलोवाटभन्दा ठूला योजनाहरू पनि निजी क्षेत्रले सञ्चालन गरेको पक्षमा राष्ट्रिय विद्युत प्रणालीमा जोडी यस्तो उत्पादनलाई किन्न पनि श्री ५ को सरकार तयार रहने कुरा म अवगत गराउँदछु।

३.२३ वन जङ्गलको विकास हाम्रो वातावरणीय सन्तुलनको साथै ऊर्जाको माग आपूर्ति गर्ने दृष्टिबाट समेत महत्वपूर्ण छ। यस क्षेत्रमा अगाडि बढ्न निजी र कबुलियत वन व्यवस्थालाई प्रोत्साहन दिने नीति अपनाइएको छ। निजी वनको लागि नियमको व्यापक सरलीकरण गर्ने व्यवस्था गरिएको छ। साथै, कबुलियत वनको नयाँ आयोजना प्रयोगात्मक रूपमा काठमाडौंका निकटवर्ती क्षेत्रमा लागू गरिने भएको छ। यस आयोजनामा छिटो बढ्ने बाउरा हुने किसिमका रूखहरू लगाइनेछ। यस आयोजना अन्तर्गत एक परिवारलाई कबुलियतमा वनयोग्य सरकारी जमीन ३० रोपनी ५० वर्षको लागि वन पालनको निमित्त दिइनेछ। वनको हेर विचार गरेबापत त्यस्ता परिवारलाई पहिलो ५ वर्षसम्म पारिश्रमिक दिइनेछ। ५ वर्षपछि अर्को ४५ वर्षसम्म त्यसरी वनमा लगाइएको रूखहरू सो परिवारले बेच बिखन गर्न पाउनेछ। यस कार्यक्रममा निम्न आय भएका परिवारलाई प्राथमिकता दिइनेछ। यसरी वन विकासमा जनसंलग्नताबाट प्रत्यक्षरूपमा निम्नस्तरका जनतालाई रोजगारी र भविष्यको लागि आर्थिक आधार उपलब्ध हुनेछ। यसको कार्यान्वयनको नतीजा हेरी यो कार्यक्रमलाई व्यापक रूपमा अन्यत्र विस्तार गर्ने दृष्टिकोण लिइएको छ।

३.२४ आर्थिक विकासको क्रममा प्रशासनिक क्षेत्रमा बढ्दै आएको उत्तरदायित्वलाई दृष्टिगत गर्दा कर्मचारी वर्गको वर्तमान तलब स्केल अपर्याप्त देखिएको छ। यसै सन्दर्भमा श्री ५ महाराजाधिराज सरकारबाट यस सदनलाई बक्सेको शाही सम्बोधनमा "प्रशासनको मेरुदण्डको रूपमा रहेका राष्ट्रसेवकहरूलाई सकेको सुविधा प्रदान गर्नेछ" भन्ने हुकुम बक्सेबमोजिम कर्मचारीहरूको पे-कमिशनले सिफारिश गरेको नयाँ तलब स्केल अनुसार तलब बृद्धि गरिएको छ।

३.२५ शिक्षाको क्षेत्रमा पनि प्रतिस्पर्धा तथा उत्कृष्टताको सिद्धान्तलाई अगाडि बढाइनेछ। यही सिद्धान्तमा आगामी वर्षदेखि प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूलाई दिइने अनुदानमा बृद्धि गरिनेछ, यसैगरी विश्वविद्यालयलाई दिइने अनुदान पनि बढाइनेछ। यसबाहेक तोकिएको प्रतिशतभन्दा बढी सफलता हासिल गर्ने माध्यमिक विद्यालय र क्याम्पसहरूलाई रू. ५० हजारदेखि रू. ३ लाखसम्म तोकिएबमोजिम प्रोत्साहन अनुदान दिइनेछ। यो प्रोत्साहन अनुदानबाट भौतिक या शैक्षिक सुविधा बढाउन खर्च गर्ने निर्णय गर्ने अधिकार सम्बन्धित क्याम्पस र माध्यमिक विद्यालयलाई नै दिइनेछ। यस अनुदान बृद्धिको साथै शैक्षिक सफलताको आधारमा दिइने प्रोत्साहनबाट शैक्षिक क्षेत्रमा सकारात्मक असर पर्ने मैले आशा लिएको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्यक्ष महोदय,

३.२६ राजस्व संकलनको क्षेत्रमा सफलता पाउन प्रशासनिक सुदृढता र कार्य-क्षमतामा बृद्धि गर्नुको अतिरिक्त राष्ट्रिय उत्पादन बृद्धिसंग कर संकलनको लचकता आज भन्दा बढी कायम गर्नु पर्ने आवश्यकता छ । यसको लागि अन्तः शुल्क र विक्री करमा केही प्रक्रियागत सुधारको बाटो अपनाइएको छ । अन्तःशुल्क र विक्री करको प्रक्रियागत सुधारबाट वस्तुको मूल्य र राजस्वको बीच लचकतापूर्ण सम्बन्ध स्थापित हुन आउनेछ। पैठारीमा लाग्ने विक्री करमा पनि प्रक्रियागत सुधार गरी वर्तमान सार्कअपको दर अधिकांश वस्तुहरूमा घटाउने नीति अपनाएको छ ।

३.२७ राजस्वमा बृद्धि गर्न दर रेट बढाउनुभन्दा प्रक्रियागत सुधार र प्रशासनिक सुदृढीकरणलाई नै जोड दिनु पर्ने देखेको छु । राजस्व प्रशासन सुदृढीकरण गर्नेतर्फ आधुनिक प्रविधिको उपयोग गर्न पनि आवश्यक छ । यसै सन्दर्भमा काठमाडौं कर कार्यालय र मालपोत कार्यालयमा कम्प्यूटरको प्रयोग पनि आगामी वर्षबाट शुरू गरिने कुरा माननीय सदस्यहरूलाई अवगत गराउँछु ।

अध्यक्ष महोदय,

३.२८ सरकारी योजना तर्जुमा र कार्यान्वियनमा लक्ष्यमूलक कार्य पद्धति अपनाउनु आजको आवश्यकता हो । साथै, कार्यान्वियन क्षमतालाई विचार गरेर मात्र नयाँ आयोजनाहरू शुरूवात गर्नु पर्ने देखिन्छ । हालसम्म यसबारे हामी पछि नै छौं । समयमा नै हामीले कतिपय आयोजना सम्पन्न गर्न सकेका छैनौं र सकिए पछि पनि लिनु पर्ने फाइदा लिन सकेका छैनौं । समय र साधनको सीमालाई हलुको तवरबाट लिने परिपाटी कायम राखेर अरू मुलुक र संस्थाहरूबाट ऋण लिई विकास गर्न भविष्यमा गाह्रो पर्ने स्पष्ट हुँदै आएको छ । अतः समयमै भनेजति काम लिई लक्ष्य अनुरूप फाइदा लिन सकेमा नै ऋण र ब्याज तिर्न गाह्रो पर्दैन । यही दृष्टिकोण राखी कार्यक्रममूलक बजेट प्रणाली र राष्ट्रिय प्राथमिकतामा परेका केही ठूला आयोजनाहरूमा कार्यक्रम बजेट प्रणाली लागू गरिएको छ । यसबाट बजेटमा राखिएका आयोजनाहरूको कार्यान्वियनमा समय र खर्च बढी लाग्न जाने स्थितिमा नियन्त्रण हुने र राष्ट्रले लक्ष्य अनुरूप फाइदा पाउने आशा गर्न सकिन्छ । साथै, कर्मचारीहरूले पाउने आर्थिक प्रोत्साहनलाई आयोजनाको कार्यान्वियनको प्रगति तथा गरेको उपलब्धिसंग गाँस्ने व्यवस्था गरिने भएको छ । यस अन्तर्गत आयोजना व्यवस्थापनले प्रत्येक चार महीनामा गरेको आयोजनाको भौतिक र वित्तीय लक्ष्यको उपलब्धिको आंकडा पठाउनु पर्ने र यस तथ्यांकको आधारमा मात्र आयोजनामा काम गर्ने कर्मचारीहरूले प्रोत्साहन भत्ता पाउने व्यवस्था गरिनेछ । यसबाट आयोजनाहरूको कार्यान्वयन समयभित्रै तीव्रताका साथ हुने आशा गर्न सकिन्छ । सरकारी क्षेत्रमा आयोजना तर्जुमा गर्दा राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सही रूपमा प्रतिविम्बित

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न गराउन र आयोजनाको मूलभूत कार्यमा लगानीलाई समेटेर अरू आवरणीय कुरामा खर्च कटाउने गरी लगानीको प्रभावकारितालाई बढाउन् अत्यावश्यक भएको छ । आयोजनाहरूमा गरिएको लगानीबाट वाञ्छित प्रतिफल प्राप्त हुन सकोस् भन्ने उद्देश्यले आयोजनाको संभाव्यता अध्ययन भैसकेको हुनु पर्ने र राष्ट्रिय योजनाले निर्दिष्ट गरेको प्राथमिकता अनुरूप मिलान हुनुको साथै कार्यान्वयनको लागि चाहिने साधनहरू जुटाउने विषयमा सम्बन्धित निकायहरूको सहमति प्राप्त गर्नु पर्ने प्रकृया अपनाइनेछ । आयोजनाको प्राविधिक पक्ष मजबूत र टिकाउ हुनुको साथै खर्चको अनुमान किफायत, तथ्यपूर्ण र अपेक्षित उपलब्धि हासिल गर्न न्यूनतम आवश्यकतामा आधारित छ भन्ने सम्बन्धित विभाग, मन्त्रालयको अधिकार प्राप्त अधिकृतबाट प्रमाणित गरेको हुनु पर्ने कार्यपद्धति अपनाइने भएको छ । यसको अतिरिक्त चालू प्रमुख आयोजनाहरूको लागत एवं खर्चका विवरणहरूमाथि पुनः विचार गर्न श्री ५ को सरकारले सम्बन्धित उच्चस्तरीय अधिकृतहरूको कमिटीको गठन गर्ने भएको छ । यो कमिटीले मुख्य मुख्य ठूला आयोजनामा कार्यान्वयनको प्रभावकारितामा असर नपर्ने गरी आवरणीय खर्चहरू कहाँ कसरी कटाउन सकिन्छ भन्नेबारे अध्ययन गरी कार्यान्वयन गराउनेछ ।

३.२९ आय-व्यय विवरणमा विभिन्न किसिमका कार्यक्रमहरू जस्तै प्रशिक्षण, आयोजना निर्माण, नियमित कार्य सञ्चालन, आदि कार्यकलापहरू स्पष्ट रूपमा देखिने गर्नुको साथै, साधनको समुचित विनियोजन गर्न, विनियोजित रकम सम्बन्धित निकायलाई नियमित रूपमा उपलब्ध गराउन, अपव्यय एवं दुरूपयोग नियन्त्रण गरी खर्चको उपादेयता हासिल गर्न एवं आन्तरिक लेखापरीक्षण तथा वित्तीय परिचालनको प्रगति स्थितिलाई अनुगमन गरी आवश्यक सामयिक निर्णय लिन सुविधा हुने गरी बजेट प्रस्तुतीकरणका ढाँचाहरू एव प्रकृयाहरूमा सुधार गर्न पनि वान्छनीय देखिएकोले यस सम्बन्धमा विशेषज्ञहरूको एक कार्यटोलीबाट अध्ययन गराइनेछ ।

३.३० संस्थानहरूको कार्य क्षमता बढाई साधनको सदुपयोग गर्नु पनि आजको उत्तिकै महत्वपूर्ण आवश्यकता रहेको छ । यस क्षेत्रमा श्री ५ को सरकारले केही ठोस कदमहरू चालिसकेको छ । यसै वर्षदेखि केही प्रमुख संस्थानहरूले २०४१।४२ मा उपलब्ध गर्नु पर्ने उत्पादन, आम्दानी, नाफा जस्ता आधारभूत लक्ष्यहरू तोक्ने व्यवस्था भई सकेको छ । यी लक्ष्यहरू प्राप्त गर्नको लागि चाहिने कार्य सम्पादनमा स्वायत्तताको निर्वाह गर्न पनि संस्थानहरूलाई श्री ५ को सरकारले प्रोत्साहन गर्ने भएको छ । यस नयाँ नीति अन्तर्गत लक्ष्यभन्दा बढी सफलता हासिल गर्ने व्यवस्थापनलाई आर्थिक प्रोत्साहन दिने दृष्टिकोणलाई समावेश गरिने भएको छ । यसै सम्बन्धमा रेडियो नेपाललाई विकास समिति अन्तर्गत सञ्चालन गरिने र यसबाट श्री ५ को सरकारलाई सञ्चालनसम्बन्धी आर्थिक दायित्व कम हुँदै जाने कुरा माननीय सदस्यहरूलाई अवगत गराउन चाहन्छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४

अध्यक्ष महोदय,

४.१ अब म आर्थिक वर्ष २०४१।४२ को आय-व्ययको अनुमान पेश गर्दछु। साधारण-तर्फ रू. ३ अरब ७ करोड ९२ लाख र विकासतर्फ रू. ६ अरब ७३ करोड खर्च हुने प्रस्ताव गरेको छु। यो खर्च चालू वर्षको संशोधित अनुमानको तुलनामा साधारणतर्फ ३६ प्रतिशतले बढी छ । यसरी साधारण बजेटमा वृद्धि गर्नु पर्ने कारणहरूबारे यस सदनलाई जानकारी गराउन चाहन्छु ।

४.२ प्रथमतः आगामी वर्षको साधारण बजेटमा तलब तथा सुविधाहरूमा वृद्धि गर्न थप रू. २९ करोडको व्यवस्था गरिएको छ। दोस्रो, श्री ५ को सरकारले हालसम्म प्राप्त गरेको आन्तरिक ऋण तथा वैदेशिक ऋणको साँवा र व्याज तिर्नको लागि चालू वर्षको दाँजोमा आउँदो वर्षमा करीब रू. १९ करोडको थप व्यवस्था गर्नु परेको छ। तेस्रो, अन्य शीर्षक अन्तर्गत भन्सार, कर, अन्तःशुल्क, मालपोतबाट उठेका रकमहरू मध्येबाट फिर्ता गरिदिनु पर्ने रकमहरू तथा भवन निर्माण सुधारमा चालू वर्षको भन्दा करीब रू. ३ करोड थप गर्नु परेको छ। यी बाहेक पूरा भएका विकास आयोजनाहरूको सञ्चालन तथा सम्भार खर्चको लागि रू. ६ करोडको अतिरिक्त व्यवस्था गरिएको छ । यस प्रकार साधारण बजेटमा जम्मा रू. ५७ करोड वृद्धि गर्नु परेको छ ।

४.३ आगामी वर्षको विकास बजेट चालू वर्षको संशोधित अनुमानको तुलनामा करीब ३३ प्रतिशतले वृद्धि गरिएको छ। आगामी वर्ष विभिन्न क्षेत्रमा सञ्चालन हुने विकास आयोजनाहरूका लागि रकम निर्धारण गर्दा खर्चको उपादेयता र कार्यान्वयन क्षमतालाई दृष्टिगत गरिएको छ। साथै राष्ट्रिय दृष्टिले प्राथमिकता प्राप्त आयोजनाहरूको लागि पर्याप्त रकमको व्यवस्था गरिएको छ ।

४.४ साधारण बजेटतर्फ संवैधानिक अङ्गमा रू. ५ करोड ३६ लाख, साधारण प्रशासनमा रू. ४१ करोड ५८ लाख, राजस्व प्रशासनमा रू. ६ करोड ६१ लाख, आर्थिक प्रशासन र योजनामा रू. २ करोड ९८ लाख, न्याय प्रशासनमा रू ४ करोड ४९ लाख, वैदेशिक सेवामा रू. ६ करोड ७८ लाख, रक्षामा रू. ५२ करोड ९२ लाख, सामाजिक सेवामा रू. ४३ करोड १० लाख, आर्थिक सेवाहरूमा रू. २१ करोड ३७ लाख, ऋण तथा लगानी र साँवा व्याजमा रू. ७० करोड ३१ लाख र विविधमा रू. ५० करोड ७० लाखको व्यवस्था गरेको छु।

४.५ विकास बजेटको कुल खर्चमध्ये आर्थिक सेवामा रू. ४ अरब ७४ करोड ६९ लाख, सामाजिक सेवामा रू. १ अरब ८१ करोड ७० लाख र साधारण प्रशासन, आर्थिक प्रशासन, योजना र विविधमा रू.१६ करोड ६१ लाख छुट्याइएको छ। आर्थिक सेवामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुटचाइएको जम्मा रकम मध्ये कृषि, भूमिसुधार, नापी र सिंचाइमा रू. १ अरब ८६ करोड ४७ लाख, वन तथा भू-संरक्षणमा रू. ३२ करोड २१ लाख, यातायातमा रू. ९२ करोड ३१ लाख, विद्युत्मा रू. ९६ करोड ५ लाख, उद्योग तथा खानीमा रू. ५२ करोड २८ लाख, सञ्चारमा रू. ११ करोड ५ लाख र आर्थिक सेवाहरूको बाँकी अन्य शिर्षकहरूमा रू. ४ करोड ३२ लाख छुटचाइएको छ । सामाजिक सेवाहरूतर्फ छुटचाइएको रकम मध्ये शिक्षामा रू. ७४ करोड ३० लाख, पञ्चायत तथा स्थानीय विकासमा रू. ४३ करोड १७ लाख, स्वास्थ्यमा रू. ३३ करोड २८ लाख, पिउने पानीमा रू. २३ करोड ९५ लाख र अन्य सामाजिक सेवाहरूमा रू. ७ करोड छुटचाइएको छ ।

४.६ कृषितर्फ आगामी आर्थिक वर्षदेखि सञ्चालन हुने आयोजनाहरू मध्ये केही आयोजनाहरूलाई राष्ट्रिय दृष्टिले प्राथमिकता प्राप्त आयोजनाको रूपमा सञ्चालन गर्ने नीति अनुरूप विभिन्न जिल्लाहरूमा पशु विकाश तथा चरण विकास कार्यक्रम सञ्चालन गरिने भएको छ । साथै विभिन्न जिल्लाहरूमा फलफूलको उत्पादन कार्यक्रमलाई दृढताका साथ सञ्चालन गर्ने कामलाई पनि प्राथमिकता दिइएको छ । यस अनुसार पशु विकास कार्यक्रमको लागि रू. १२ करोड ६२ लाख, बागवानी विकासको लागि रू. १ करोड ९० लाख, मत्स्य विकासको लागि रू. ३ करोड ४१ लाख, कृषि प्रसार तथा अनुसन्धानको लागि रू. १६ करोड ९६ लाख, बाली विकास तथा संरक्षणको लागि रू. २ करोड ५४ लाख छुटचाइएको छ ।

४.७ सिंचाइ क्षेत्रमा जलसंपदाको उपयोग गरी कृषि उत्पादनमा वृद्धि गर्ने सन्दर्भमा बागमती, नारायणी, महाकाली र चन्द्र नहर नवीकरण तथा विस्तार सिंचाइ आयोजना कार्यान्वयन गर्न रू. २५ करोड १९ लाखको बजेट व्यवस्था गरिएको छ । यसै गरी अधिराज्यका अन्य सतह एवं भूमिगत सिंचाइ कार्यक्रमको लागि रू. ४५ करोड २४ लाख छुटचाइएको छ ।

४.८ वन विकासतर्फ आगामी वर्ष तराईमा थप १३ जिल्लाहरूमा वन विकास कार्यक्रम सञ्चालन गरिने भएको छ । साथै पहाडी क्षेत्रमा सामुदायिक वन विकास कार्यक्रम र पहाडी वन विकास आयोजनाको कार्यान्वयनबाट वृक्षारोपण गर्नुका साथै पहिरो नियन्त्रण तथा जलाधार व्यवस्थापन कार्यक्रममा पनि जोड दिइएको छ । साथै वृक्षारोपण कार्यक्रममा जनसंलग्नता जुटाउने उद्देश्यले कबुलियती वन विकास आयोजना पनि कार्यान्वयन गरिने छ । हाल सञ्चालित शिवपुरी जलाधार आयोजनाको कार्यमा तीव्रता ल्याउन आवश्यक रकमको व्यवस्था गरिएको छ । यस्तै प्रकारका आयोजनाहरू अन्य विकास क्षेत्रमा सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

४.९ उद्योगतर्फ आगामी आर्थिक वर्षमा हेटौंडा सिमेण्ट कारखानाको निर्माण कार्य पूरा भै उत्पादन शुरू हुनेछ । भृकुटी कागज कारखानाको निर्माण कार्य प्रायः पूरा गरिनेछ । कपास विकास कार्यक्रमलाई विस्तार गर्नुको साथै आवश्यक उपकरणहरू उपलब्ध गराइने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ । यस प्रकारका ठूला उद्योगहरूको निमित्त रू. ४१ करोड ७० लाख एकम छुट्याइएको छ। खानीतर्फ पेट्रोलियम अन्वेषण कार्य लगायत अन्य खनिज अन्वेषणको लागि रू. २ करोड ५६ लाख विनियोजन गरिएको छ । घरेलु उद्योग विकासतर्फ सघन कार्यक्रमको अतिरिक्त सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरिने कार्यक्रम छ। यी कार्यक्रमहरूका लागि रू. ८ करोड २ लाखको व्यवस्था गरिएको छ।

४.१० पर्यटन विकाससंग सम्बन्धित प्रचार सामग्रीको उत्पादन तथा वितरण, हिमाली क्षेत्र पर्यटन विकास, पर्यटन सर्वेक्षण तथा अनुसन्धान, पर्यटन सूचना केन्द्रहरूको सुदृढीकरण तथा निर्माण इत्यादि कार्यको लागि रू. ६९ लाख छुट्याइएको छ ।

४.११ सडकतर्फ महेन्द्र राजमार्गका बाँकी खण्डहरू बुटवल–कोहलपुर र कोहलपुर-महाकालीको निर्माण कार्यका साथै म. रा. मा-इलाम, इलाम-फिदिम, फिदिम-ताप्लेजुङ्ग; डडेलधुरा-बैतडी, बैतडी-दार्चुला, कोहलपुर-सुर्खेत र डडेलधुरा दिपायल (डोटी) जस्ता राष्ट्रिय दृष्टिले प्राथमिकता प्राप्त सडकहरूको निर्माणको निमित्त रू. २६ करोड २९ लाख छुट्याइएको छ । निर्माण भै सकेका सडकहरूको मर्मत, सम्भार तथा सुधार गर्न रू. १० करोड ७१ लाख व्यवस्था गरिएको छ। देशका विभिन्न स्थानहरूमा झोलुङ्गे पुलहरूको निर्माणको निमित्त रू. ४ करोड ५ लाख व्यवस्था गरिएको छ। हवाई यातायातको विकास कार्यक्रम अन्तर्गत त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल आयोजना र नेपालगञ्जमा नयाँ विमानस्थल निर्माणसम्बन्धी कार्यक्रम एवं अन्य आयोजनाहरूलाई समेत गरी रू. १७ करोड १२ लाख छुट्याइएको छ ।

४.१२ विद्युततर्फ मर्स्याङ्दी जल विद्युत परियोजनाको निर्माण कार्यको टेण्डर स्वीकृत गरी कार्य सञ्चालन गरिनेछ । कुलेखानी जल विद्युत परियोजना (दोस्रो) को निर्माण कार्यक्रम अन्तर्गत सुरुंगको निर्माण र विद्युत उत्पादन उपकरणहरूको उपलब्धि गर्ने कार्य पूरा हुनेछ । दुम्किवास-बुटवल प्रसारण लाइन आयोजनाबाट ४२ किलोमिटर लाइन तान्ने काम सम्पन्न हुनेछ । हेटौंडा-जनकपुर-विराटनगर प्रसारण लाइन आयोजनाबाट टावर खडा गर्ने र १५० किलोमिटर तार तान्ने कार्य हुनेछ । बुटवल-नेपालगञ्ज प्रसारण लाइन आयोजनाको टावर खडा गर्ने र कण्डक्टर सामग्री उपलब्ध गरिनेछ । यसप्रकार ठूला विद्युत आयोजनाहरूको निर्माण एवं विद्युत प्रणाली सुदृढीकरण तथा जलस्रोत आयोजनाहरूको सर्वेक्षण तथा सम्भाव्यता अध्ययन कार्यक्रमहरूका लागि रू. ८८ करोड ५७ लाख विनियोजन गरिएको छ । अधिराज्यका विभिन्न भागहरूमा साना जलविद्युत आयोजनाहरू संचालन गर्न रू. ७ करोड ४८ लाख छुट्याइएको छ ।

४.१३ शिक्षातर्फ प्राथमिक शिक्षाको लागि रू. ३३ करोड ६० लाख राखिएको छ। प्राथमिक शिक्षामा गुणात्मक सुधार ल्याउने उद्देश्यबाट प्राथमिक शिक्षा परियोजना सञ्चालन गरिनेछ । उच्च शिक्षाको लागि रू. ३० करोड ९३ लाख व्यवस्था गरिएको छ। दक्ष तथा सीपमूलक प्राविधिक जनशक्ति तयार गर्ने विज्ञान तथा प्राविधिक शिक्षा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यक्रमलाई जोड दिइएको छ । आगामी वर्ष इञ्जिनीयरिङ्ग अध्ययन संस्थान अन्तर्गत पुल्चोक र धरान क्याम्पसको निर्माण कार्य पूरा हुनेछ । साथैं विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान कार्यक्रमको लागि पनि आवश्यक रकम छुट्याइएको छ ।

४.१४ स्वास्थ्य क्षेत्रमा एकीकृत सामुदायिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न रू. ५ करोड २१ लाख व्यवस्था गरिएको छ । परिवार नियोजन कार्यक्रमको लागि रू. ६ करोड ५१ लाख र औलो उन्मूलनको लागि रू. ६ करोड ४८ लाख छुट्याइएको छ ।

४.१५ पिउने पानीतर्फ आगामी वर्ष विभिन्न क्षेत्रहरूमा सञ्चालित आयोजनाहरूबाट करीब ६ लाख जनसंख्यालाई पिउने पानी सुविधा उपलब्ध गराइनेछ । पिउने पानी तथा ढल निकाससम्बन्धी कार्यक्रमको लागि आगामी वर्ष रू. २८ करोड ६६ लाख व्यवस्था गरिएको छ ।

४.१६ पञ्चायत तथा स्थानीय विकास कार्यक्रम अन्तर्गत दुर्गम तथा पहाडी क्षेत्र विकाससम्बन्धी आयोजनाहरूमा रू. ४ करोड ८७ लाखको व्यवस्था गरिएको छ। स्थानीयस्तरमा सञ्चालन हुने विकास कार्यहरूको लागि मद्दत पुर्‍याउन रू. १२ करोड ३२ लाख अनुदान दिन छुट्याइएको छ । यसको अतिरिक्त सुदूर पश्चिमाञ्चलमा बाढीग्रस्त क्षेत्रको पुनः निर्माणको निमित्त रू. ६८ लाख व्यवस्था गरिएको छ ।

४.१७ अन्य सामाजिक सेवातर्फ सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्लाई केही रकम वृद्धि गरी रू. १ करोड ५४ लाख पुर्‍याइएको छ । जनसंख्या वर्ष मूल समितिको निमित्त रू. २५ लाख विनियोजन गरिएको छ ।

४.१८ यसरी साधारण र विकास बजेट गरी कुल खर्च रू. ५ अरब ८० करोड ९२ लाखमा राजस्वको वर्तमान स्रोतबाट रू. ३ अरब ९६ करोड ६६ लाख र अनुदान तथा ऋण सहायतासमेत गरी जम्मा रू. ४ अरब २१ करोड ६४ लाख प्राप्त हुने रकम कटाउँदा रू. १ अरब ६२ करोड ३२ लाख न्यून हुने अनुमान भएको छ ।

## ५

अध्यक्ष महोदय,

५.१ अब म आगामी आर्थिक वर्षको लागि राजस्वसम्बन्धी प्रस्ताव प्रस्तुत गर्दछु ।

५.२ मैले माथि उल्लेख गरेको नीति अनुरूप आगामी आर्थिक वर्षको लागि राजस्वसम्बन्धी प्रस्तावहरू तर्जुमा गर्दा वास्तविकताप्रति ध्यान दिएको छु। तदनुसार करको सामान्य वृद्धिदरलाई बढाउन कर प्रशासनमा कार्यकुशलता बढाउने, राजस्व संकलन गर्ने क्रममा प्रक्रियागत सुधार गर्ने, करको आधारमा वृद्धि गर्ने, राजस्व उठ्तीदरलाई आर्थिक गतिविधिमा हुने परिवर्तनसंग सम्बद्ध गराउँदै लैजाने र करको दरलाई व्यावहारिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तुल्याई राजस्व संकलनमा वृद्धि गर्ने दृष्टिकोण राखेको छ । साथै, राजस्व प्रशासनमा दक्ष प्रशिक्षित कर्मचारीहरूको सेवा उपलब्ध भइरहने स्थिति कायम गर्नको लागि राजस्व सेवा समूहको गठन व्यवस्था आगामी आर्थिक वर्षमा मिलाइनेछ ।

५.३ आगामी आर्थिक वर्षको कर प्रस्तावहरू तैयार गर्दा यस सदनमा माननीय सदस्यहरूले समय समयमा व्यक्त गर्नु भएका मन्तव्यहरूको साथै उद्योग वाणिज्य संघ, वाणिज्य र उद्योग व्यवसायमा संलग्न महानुभावहरू र अर्थविदहरूबाट प्राप्त सुझावहरूलाई पनि ध्यान दिएको छु । साथै केन्द्रीय टचारिफ वोर्डले दिएका अधिकांश सुझावहरूलाई ग्रहण गरी सो अनुसार व्यवस्था गरेको छु ।

अध्यक्ष महोदय,

५.४ अब म पहिले अप्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.५ सर्वसाधारण जनताको आवश्यकता र विकास निर्माणका सामग्रीहरूको नियमित आपूर्ति कायम राख्ने, स्वदेशी उद्योगहरूलाई संरक्षण प्रदान गर्ने, अनावश्यक पैठारीलाई निरूत्साहित तुल्याउने, खुला सीमानाको कारणले हुने अनधिकृत व्यापारलाई नियन्त्रण गर्ने, साथै विकास खर्चको लागि आवश्यक राजस्व संकलन गर्ने जस्ता विविध पक्षबीच सामञ्जस्य मिलाई भन्सार महसूल दरमा केही परिवर्तन गर्ने प्रस्ताव गरेको छु ।

५.६ भारतबाट आयात गरिने केही वस्तुहरूको पैठारी महसूल दर बढी भएको हुँदा भन्सार छली ल्याउने प्रवृत्ति देखिएको छ । यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्न प्रशासनिक कारवाईमा मात्र निर्भर रहनुभन्दा भन्सार महसूल नीति नै बढी प्रभावकारी हुन सक्ने देखिएकोले कपडा, बाथरूमका सामान आदि वस्तुमा पैठारी महसूल घटाइएको छ । यसबाट अनधिकृत रूपबाट हुने पैठारी निरूत्साहित हुन गई राजस्व पनि वृद्धि हुने विश्वास लिएको छु ।

५.७ भारतबाट पैठारी हुने कतिपय वस्तुहरू ए. आर. वन फर्म अन्तर्गत पैठारी भएमा बढी राजस्व प्राप्त हुने र वस्तुहरूको मूल्य पनि सुपथ हुने भएकोले यस प्रकारको पैठारीलाई प्रोत्साहन गर्ने उद्देश्यले मोटर भेहिकल्सका पार्टपूर्जाहरू, सबै किसिमका इञ्जिन, चेसिस र पार्टस, रबरका सामान आदिमा लाग्ने सरचार्ज दर घटाइएको छ ।

५.८ अधिराज्यमा सञ्चालित उद्योग व्यवसायलाई आवश्यक देखिएका केही पदार्थहरू सुलभ गराउने तथा आधुनिक प्रविधिको प्रयोगद्वारा कार्यकुशलतामा वृद्धि गर्ने उद्देश्यले कृत्रिम रेशा मिश्रित धागो, कच्चा रबर, कम्प्युटर, चेकराईटर आदि वस्तुहरूको पैठारीमा महसूल दर घटाइएको छ । मनोरञ्जनको लागि मात्र होइन शैक्षिक प्रयोजनको लागि पनि उपयोग हुने आधुनिक प्रविधिका साधनप्रतिको बढ्दो अभिरूचि तथा मागलाई दृष्टिगत गरी त्यस्ता वस्तुहरूको पैठारीलाई नियमित गराउने उद्देश्यले टेलिभिजन, भिडियो डेक तथा स्कीनमा लाग्ने पैठारी महसूल दर घटाइएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.९ स्वदेशी उद्योगको उत्पादनलाई संरक्षण गर्ने उद्देश्यले जाम, जेली, पिपरमेण्ट, चकलेट, नूडल्स, चटनी तथा मसलाहरू, विटुमिनाइज्ड पेपर, सिमेण्टको पाइप, फलामे कांडेतार, खाक्सी, इन्सुलेटेड तार आदिको पैठारी महसूल दरमा वृद्धि गरिएको छ। साथै भारतबाट ए. आर. वन फार्म अन्तर्गतको पैठारीमा टुथपेष्ट, सिन्थेटिक गुंद र सलाईमा सरचार्ज दर बढाइएको छ र केबुल कण्डक्टरको पैठारीमा सरचार्ज लाग्ने व्यवस्था गरिएको छ।

५.१० भारतबाट ए. आर. वन फार्म अन्तर्गत हुने पैठारीमा भारतीय अन्तःशुल्क पूरा फिर्ता प्राप्त गर्ने उद्देश्यले कोकोको परिकार, कार्बन ग्यास, मिनरल वाटर, फोम, रबरको पाइप, वेल्डिङ्ग रड, भल्कनाइज्ड रबर, स्लाइड फास्नर पार्टस आदि वस्तुहरूमा भारत-बाहेक अन्य मुलुकहरूबाट हुने पैठारीमा लाग्ने भन्सार महसूल दर बढाइएको छ। यसबाट भारतबाट पैठारी हुने यस्ता वस्तुहरूको मूल्य भने बढ्नेछैन।

५.११ निकासी व्यापारलाई प्रोत्साहन दिने उद्देश्यले श्री ५ को सरकारले विभिन्न सुविधा र सहुलियत प्रदान गर्दै आएको सर्वविदितै छ। यस सन्दर्भमा निकासी महसूलमा पनि सुविधा दिंदै आएको हो। तर निकासी व्यापारको महसूलमा पूरा छूट दिने गर्दा वास्तविक स्थितिको जानकारी भइनरहने स्थिति भएकोले यस सम्बन्धमा आवश्यक तथ्याङ्क अभिलेख रहोस् भन्ने दृष्टिकोणबाट समेत निकासीमा १ प्रतिशत भन्सार महसूल लिने व्यवस्था गरिएको छ।

५.१२ हालसम्म भारत लगायत अन्य विदेशी मुलुकहरूमा निकासी हुने वस्तुहरूमा निकासी महसूल नलाग्ने वा १ प्रतिशतभन्दा कम महसूल लागी आएकोमा १ प्रतिशत निकासी महसूल दर कायम गरिएको छ। तर प्राकृतिक सम्पदा तथा वातावरण संरक्षणलाई ध्यानमा राखी काठ, ढुङ्गा, बालुवा, गिट्टी जस्ता वस्तुमा निकासी महसूल दर बढाइएको छ।

५.१३ दक्षिण एशियाली देशहरूसंगको व्यापारलाई सुगम गराउँदै जाने नीति अनुरूप भारतबाट हुने पैठारीमा लाग्ने महसूलभन्दा घटी नहुने गरी बङ्गलादेश, भूटान, पाकिस्तान, श्रीलंका र माल्दिभ्सबाट हुने पैठारीमा लाग्ने महसूलमा २० प्रतिशतसम्म छुट दिने प्रस्ताव गरिएको छ। सोही अनुसार गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट हुने पैठारीमा लाग्ने महसूलमा पनि छुट दिइनेछ।

५.१४ मोटरकारको पैठारीमा लागेको भन्सार महसूलको सम्बन्धमा ८५० सी सी सम्मको क्षमताको मोटरमा वर्तमान दर यथावत राखिएको छ र अरू केही किसिमका मोटरकारमा दर परिवर्तन गरिएको छ। यसको साथै राजस्व वृद्धि गर्ने तथा अनावश्यक पैठारीलाई निरुत्साहित गर्ने उद्देश्यले केही अन्य वस्तुहरूको पैठारी महसूल दर वृद्धि गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.१५ अधिराज्यमा स्थापित प्रिण्टिङ्ग प्रेसहरूको क्षमताको अधिकतम उपयोग होस् भन्ने दृष्टिकोणले नेपाली प्रकाशकले अधिराज्यबाहिरबाट छपाइ गरी ल्याएका पुस्तक वा व्यावसायिक छपाइहरूमा मूल्यको २ प्रतिशत भन्सार महसूल लाग्ने गरिएको छ ।

५.१६ संशोधित भन्सार महसूल दरहरू अनुसूची १, २, ३ र ४ मा दिइएको छ। उपर्युक्त परिवर्तनबाट रू. ६ करोड १० लाख थप राजस्व संकलन हुने अनुमान छ ।

५.१७ यी उल्लिखित परिवर्तनहरूबाहेक अरू भन्सार महसूल दर साविक अनुसार कायम राखिएको छ ।

५.१८ अन्तःशुल्कतर्फ, देशमा औद्योगिक विकासको लागि श्री ५ को सरकारले उद्योगहरूलाई प्रोत्साहनस्वरूप विभिन्न सुविधा प्रदान गर्दै आएको छ । तदनुरूप देशमा उद्योग स्थापना गर्नेतर्फ अभिरूचि पनि बढ्दै गएको छ । औद्योगिक प्रतिष्ठानले आफ्नो उत्पादनको बढ्दो बिक्री मूल्यबाट प्राप्त गर्ने आयको बृद्धि राजस्वमा पनि प्रतिबिम्बित हुनु पर्छ । यस तथ्यलाई दृष्टिगत गरी उत्पादक औद्योगिक प्रतिष्ठानले नै खुद्रा मूल्य कायम गर्ने गरेका वस्तुहरू जस्तै चुरोट, मदिरा, बियर, हल्का पेय पदार्थ, आदिमा हाल परिमाणको आधारमा अन्तःशुल्क लगाउने व्यवस्था भएकोमा मूल्यसमेतको आधारमा अन्तःशुल्क लाग्ने व्यवस्था गरिएको छ ।

५.१९ कतिपय घरेलु उद्योगको कारोवार लगानीको अनुपातमा साना उद्योगहरूको भन्दा धेरै बढी छ र कतिपय साना उद्योगहरू बन्द गरी घरेलु उद्योगमा दर्ता गर्ने प्रवृत्ति पनि देखिएको छ । तसर्थ औद्योगिक व्यवसाय ऐन, २०३८ ले व्यवस्था गरेको अन्तःशुल्क सुविधा पाउने अवधिको पूरा उपभोग गरिसकेका घरेलु उद्योगहरूलाई पनि अन्तःशुल्क लगाइने व्यवस्था गरिएको छ ।

५.२० रूग्ण स्थितिमा रहेका उद्योगहरूलाई वर्षौं यस्तै अवस्थामा रहन दिनु आर्थिक दृष्टिले उचित हुँदैन । प्रथमतः यस्ता उद्योगहरूलाई यथासम्भव पुनरूत्थान गर्ने प्रयास हुनुपर्दछ । तसर्थ यस्ता उद्योगहरूलाई के कस्ता सुविधा भएमा आगामी दुई वर्षभित्र रूग्णताबाट मुक्त हुने हो भन्ने सम्बन्धमा उद्योग मन्त्रालयले त्यस्ता उद्योगहरूसंग छलफल गरी तय गर्नेछ । त्यस आधारमा रूग्ण उद्योगहरूलाई आगामी आर्थिक वर्षमा अन्तःशुल्कमा ७५ प्रतिशत छुट दिइने व्यवस्था गरिएको छ ।

५.२१ उद्योगहरूलाई बढी उत्पादन गर्न प्रोत्साहित गर्ने उद्देश्यले बढी गरेको उत्पादनमा अन्तःशुल्क थप सुविधा दिने व्यवस्थालाई अरू सुलभ गरिएको छ । आगामी आर्थिक वर्षमा उद्योगहरूले गत तीन वर्षमा गरेको सबैभन्दा बढी परिमाणभन्दा बढी उत्पादन गरेमा सो उद्योगले जति बढी उत्पादन गरेको छ त्यत्ति नै प्रतिशतका दरले सो बढी उत्पादनमा अन्तःशुल्क छुट दिइनेछ ।

५.२२ बियर, निम्न कोटीको मदिरा आदि केही वस्तुहरूको अन्तःशुल्क दर बढाइएको छ भने केही वस्तुहरू स्क्वास रेक्टिफायड स्पिरिट, स्टेनलेस स्टीलका भाँडा आदिमा अन्तःशुल्क

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दर घटाइएको छ । साथै केही नयाँ औद्योगिक वस्तुहरूमा अन्तःशुल्क दर कायम गरिएको छ । अब उप्रान्त उद्योगहरूले आफ्नो उत्पादनको खुद्रा मूल्य किटान गरी सार्वजनिक जानकारीको लागि प्रकाशित गर्ने तथा उत्पादित वस्तुमा नै अंकित गर्नु पर्ने गरिएको छ ।

५.२३ संशोधित अन्तःशुल्क दरबन्दी अनुसूची ५ मा दिइएको छ । उपर्युक्त व्यवस्थाबाट रू. ३ करोड ६० लाख थप राजस्व संकलन हुने अनुमान छ ।

५.२४ माथि उल्लिखित परिवर्तनहरू बाहेक अरू अन्तःशुल्कको दर यथावत् कायम गरिएको छ ।

५.२५ बिक्री कर लगाइने प्रक्रियालाई सुधार गर्ने अभिप्रायले परिवर्तन गरिएको छ । हाल पैठारीमा बिक्री कर लिंदा वस्तुको बिल मूल्यमा ढुवानी तथा पैठारीकर्ताको नाफा बापत केही प्रतिशत मार्कअप गरी बिक्री कर लिने व्यवस्था छ । अब वस्तुको बिल मूल्यमा भंसार महसूल जोडी सोमा आन्तरिक ढुवानी र बिक्रेताको नाफाबापत पहिलेको भन्दा कम प्रतिशत मार्कअप गरी बिक्री कर लगाइने व्यवस्था गरिएको छ । यस प्रक्रियात्मक परिवर्तनबाट मूल्यमा भने कुनै प्रतिकूल असर पर्नेछैन । त्यस्तै उद्योगहरूले प्रयोग गर्ने कच्चा पदार्थमा पैठारीको अवस्थामा नै बिक्री कर लाग्ने व्यवस्थालाई हटाई औद्योगिक प्रतिष्ठानले कायम गरेको आफ्नो उत्पादित वस्तुको खुद्रा मूल्यको आधारमा त्यस्तो वस्तु बिक्री गर्ने अवस्थामा बिक्री कर लगाउने व्यवस्था गरिनेछ ।

५.२ पैठारी गरिएका वस्तुहरूसँग स्वदेशी उद्योगहरूको प्रतिस्पर्धात्मक स्थितिमा सुधार गर्ने उद्देश्यले उद्योगहरूको लागि छुट्टै बिक्री कर दरबबन्दी कायम गरिएको छ । यसबाट देशमा उत्पादित वस्तुहरूमा लाग्ने बिक्री कर कम हुने भई प्रतिस्पर्धात्मक स्थितिमा सुधार हुनुको साथै उत्पादनमा समेत वृद्धि हुने विश्वास लिएको छु । बिक्री कर लाग्ने गरी तोकिएका घरेलु उद्योगहरूबाहेक अन्य घरेलु उद्योगहरूलाई बिक्री कर पूरै छुट दिने व्यवस्था यथावत कायम राखिएको छ ।

५.२७ संगठित पब्लिक कम्पनी वा सार्वजनिक व्यापारिक संस्थाको संस्थागत विकास गर्न सहायक होस् भन्ने उद्देश्यले उद्योगहरूले आफ्नो उत्पादन पब्लिक लिमिटेड कम्पनी वा सार्वजनिक व्यापारिक संस्थानमार्फत बिक्री गरेमा १ प्रतिशत बिक्री कर छुट दिने व्यवस्था गरिएको छ ।

५.२८ अन्तरराष्ट्रिय बोलपत्रमा भाग लिई देशभित्रै परिवर्त्य विदेशी मुद्रामा भुक्तानी पाउने गरी आफूले उत्पादन गरेको वस्तु बिक्री गर्ने उद्योगलाई त्यस्तो वस्तुको बिक्रीमा पूरै बिक्री कर छुट दिने गरिएको छ ।

५.२९ नेपालको संस्कृति र प्रतिष्ठाको प्रचार तथा पर्यटन विकासको लागि स्वदेश वा विदेशमा छापिने नेपालसम्बन्धी स्वीकृत नक्शा, पोष्टर, पोष्टकार्ड, क्यालेण्डर आदिमा बिक्री कर छुट दिने व्यवस्था गरिएको छ ।

२०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३० भारतबाट आयात हुने केही वस्तुहरूमा भन्सार छली आयात गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने तथा सीमावर्ती नेपाली बजारलाई गुल्जार गर्ने उद्देश्यले केही वस्तुहरूमा भन्सार महसूल घटाइएको मैले पहिले नै उल्लेख गरी सकें । यस अनुरूप भारतबाट आयात हुने केही किसिमका कपडा र धागोको पैठारीमा लाग्ने बिक्री करमा पनि ७५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

५.३१ यसबाहेक व्यापारिक वस्तुहरूको पैठारीमा हाल लागी आएको बिक्री कर लुब्रिकेन्टस्, सबै प्रकारको कागज, पोते चुरा, पानी तान्ने पम्प, पर्वतारोहणका सामान, फोटोकपी मेशीन, कम्प्युटर, डाटा-प्रोसेसिङ्ग मेशीनमा घटाइएको छ भने बदाम, आलस र नरिवलको तेल, सलाई, सिन्थेटिक लगायत अन्य छालाबाट बनेका तैयारी सामान, भूवादार कृत्रिम छाला जस्ता वस्तुहरूमा हाल लागी आएको बिक्री करमा दर बढाइएको छ ।

५.३२ हाम्रो समाजमा गहनाको लागि उपयोग गर्ने तथा सम्पत्तिको रूपमा सञ्चय गर्ने व्यवहारलाई दृष्टिगत गर्दा सुन चाँदीमा हाल लागी आएको बिक्री कर बढी भएको महसूस गरिएको छ । यसर्थ विदेशी मुद्राको अधिकारिक स्रोत खुलाई तोकिएको परिमाण-सम्म विदेशबाट आउँदा आफ्नो साथमा ल्याएको सुन चाँदीमा बिक्री करको वर्तमान दरलाई घटाइएको छ ।

५.३३ संशोधित बिक्री करका दरहरू अनुसूची ६ मा दिइएको छ । उपर्युक्त व्यवस्थाबाट रू. ३ करोड थप सङ्कलन हुने अनुमान छ ।

५.३४ यसमा उल्लिखित परिवर्तनहरूबाहेक बिक्री करको अरू दर यथावत कायम राखिएको छ ।

५.३५ मनोरञ्जन करतर्फ सिनेमाहरूको लागि कायम गरेको प्रवेश शुल्क र मनोरञ्जन करको दरलाई आगामी वर्ष यथावत् नै राखिएको छ ।

५.३६ निजी प्रयोगको लागि दर्ता हुने भिडियोमा लाग्ने दस्तूर आगामी वर्षको लागि वार्षिक रू. ६००।– कायम गरिएको छ । तर सार्वजनिक प्रदर्शन गर्ने इजाजत प्राप्त गरी दर्ता भएको भिडियोमा भने वार्षिक रू. १२,०००।– दस्तूर लगाइनेछ । यस व्यवस्थाबाट रू. ३४ लाख थप सङ्कलन हुने अनुमान छ ।

५.३७ हवाई उडान करतर्फ, परिवर्त्य विदेशी मुद्रा तिरी खरीद गरिएको हवाई टिकटबाट गरिने आन्तरिक हवाई उडानमा पर्यटक र विदेशी नागरिकहरूलाई हवाई उडान कर नलाग्ने व्यवस्था गरिएको छ ।

५.३८ हाल लागी आएको सडक पुल सम्भार करको सङ्कलन व्यवस्थाबाट यातायातमा असुविधा परेको देखिएकोले आर्थिक वर्ष २०४१।४२ मा यो व्यवस्था खारेज गरी पेट्रोल (एभिएसन फ्यूएलबाहेक) र डिजेलमा प्रति लिटर ।१० (दश) पैसा सडक पुल सम्भार कर लगाइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३९ माथि उल्लिखित परिवर्तनहरूबाहेक अन्य करहरू यथावत् नै कायम राखिएको छ।

अध्यक्ष महोदय,

५.४० अब म प्रत्यक्ष करसम्बधी प्रस्ताव पेश गर्दछु।

५.४१ राजस्व सङ्कलनमा प्रत्यक्ष करको अनुपातलाई बढाउँदै लैजाने उद्देश्यले कर तिर्नुपर्ने आयस्तर भएकाहरूलाई करको परिधिभित्र ल्याउने प्रशासकीय कार्य आगामी वर्ष पनि जारी राखिनेछ। करदाताहरूले पेश गरेको आय विवरणमा अनिवार्य रूपले सोही आर्थिक वर्षमा नै कारवाई गरी कर निर्धारण गरिसक्नु पर्ने व्यवस्था गरिएको छ। विगत वर्षको आयमा निर्धारित गरिएको कर बराबरको रकम करदाताले चालू वर्षको सम्भाव्य आय करबापत तीन किस्तामा अग्रीम धरौटीको रूपमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ। यस प्रकार अग्रीम बुझाइएको कर रकम मध्ये कर निर्धारण हुँदा बढी हुने भएमा बढी भएको रकमसा वार्षिक ८½ प्रतिशत ब्याजसहित फिर्ता दिने व्यवस्था गरिएको छ।

५.४२ फर्म, कम्पनी तथा संगठित संस्थाको व्यापारिक आयमा थप कर लाग्ने व्यवस्था भैरहेकोमा यस्तो व्यावसायिक निकायको शेयरको सूचीकरण गराउन प्रोत्साहन दिने उद्देश्यले सेक्युरिटी खरीद बिक्री केन्द्रमा सूचीकरण भएका पब्लिक कम्पनीको आयमा चाहीं थप कर नलाग्ने व्यवस्था गरिएको छ। त्यस्तै निजी क्षेत्रमा रोजगारीको अवसरलाई बढाउने उद्देश्यले निजी क्षेत्रका संगठित व्यावसायिक संस्थाले कम-से-कम २५ जवान प्रवेशिका र सोभन्दा बढी शैक्षिक योग्यता भएका नेपाली नागरिकहरूलाई रोजगारी दिएमा र त्यस्ता कामदार कर्मचारी कम-से-कम १० महीना रूजू हाजिर रहेमा सो वर्षको आय करमा लाग्ने थप कर छुट दिने व्यवस्था गरिएको छ। यस प्रकार रोजगारी दिइएको लगत तत्काले सम्बन्धित कर कार्यालयलाई जानकारी दिनु पर्नेछ।

५.४३ नेपालमा प्रकाशित हुने पत्रपत्रिकाको निमित्त आय श्रोतको समुचित व्यवस्था भई स्वस्थ पत्रिकाको विकासलाई सघाउ पुऱ्याउने उद्देश्यले संगठित औद्योगिक प्रतिष्ठान तथा व्यापारी फर्महरूले नेपालमा प्रकाशित पत्रपत्रिकामा अथवा रेडियो प्रशारणमा प्रचार प्रसार गरिने विज्ञापनको खर्चमा कुल आयको २ प्रतिशतभन्दा बढी नहुने जतिलाई आय कर निर्धारण प्रयोजनको लागि सञ्चालन खर्चमा गणना गरिनेछ।

५.४४ गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतसंगको निर्यात व्यापार अधिकांश वस्तु विनियमको आधारमा हुने तथ्यलाई दृष्टिगत गरी त्यस्तो निर्यात आयमा आय कर १ प्रतिशत लाग्ने गरिएको छ। पैठारीतर्फको वर्तमान आय कर निर्धारण व्यवस्था यथावत् कायम रहेको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.४५ उपर्युक्त व्यवस्थाबाट रू. ७ करोड थप राजस्व संकलन हुने अनुमान छ ।

५.४६ मालपोततर्फ, निजी वन लगाउन प्रोत्साहन गर्न वन लगाएको जग्गामा काठमाडौं उपत्यकामा २० रोपनी, पहाडमा ६५ रोपनी र तराईमा ५ विगाहसम्मको जग्गामा पहाडतर्फ प्रति रोपनी –।०५ पैसा र तराईतर्फ प्रति विगाहा –।५० पैसा मालपोत लिइनेछ ।

५.४७ चियाखेतीलाई प्रोत्साहन दिने सिलसिलामा श्री ५ महाराजाधिराज सरकार-बाट बक्स भएको निर्देशन अनुसार चियाक्षेत्र घोषित भएका जिल्लाहरूका चियाखेती भएको जग्गामा मालपोतको दर पहाडतर्फ प्रति रोपनी ।०५ पैसा र तराईतर्फ प्रति विगाह –।५० पैसा गरिएको छ ।

५.४८ मालपोत, भूमि कर र रजिष्ट्रेशन दस्तूरको दरको सम्बन्धमा हाल कायम रहेको व्यवस्थालाई यथावत नै कायम राखिएको छ ।

५.४९ गुठी जग्गातर्फ लगत स्रेस्ता व्यवस्थित तथा अद्यावधिक गरी बक्यौता असूलीको लागि प्रभावकारी कदमहरू चालिनेछ । गुठी जग्गाको सम्बन्धमा परम्परागत पूजा पर्व रीतिथिति राम्रोसँग चलाउने व्यवस्था गर्नुको साथै किसानहरूको हितलाई पनि ध्यान दिई गुठी अधीनस्थ जग्गामा रहेको दुई थरी मोहीप्रथालाई अन्त गरी जोताहा-लाई हक दिने एवं गुठी अधीनस्थ जग्गालाई रैतान नम्बरीमा परिणत गर्न व्यवहारिक मूल्य कायम गरी मोहीले मालपोत मात्र दिनु पर्ने व्यवस्था मिलाइनेछ । यसअनुसार गुठी संस्थान ऐनमा संशोधनको लागि सदनमा पेश गरिनेछ ।

५.५० मैले यहाँ उल्लेख गरेका परिवर्तनहरूबाहेक हाल लागू रहेका अरू सबै प्रत्यक्ष करहरू यथावत् नै कायम राखिएको छ ।

अध्यक्ष महोदय,

५.५१ मैले अघि आगामी आर्थिक वर्ष २०४१।४२ को आय-व्यय विवरण प्रस्तुत गर्दा जम्मा रू. १ अरब ६२ करोड ३२ लाख न्यून हुने उल्लेख गरेको थिएँ। यस मध्ये प्रस्तावित कर परिवर्तनबाट जम्मा रू. २२ करोड ५ लाख प्राप्त हुने हुनाले अरू रू. १ अरब ४० करोड २७ लाख न्यून हुने हुन्छ । यो न्यूनलाई पूर्ति गर्न चालू वर्षमा झैं गैर बैंकिंग क्षेत्रबाट रू. ५० करोड उठाउने प्रस्ताव गरेको छु। बाँकी रू. ९० करोड २७ लाख बंकिग क्षेत्रबाट ऋण उठाउने प्रस्ताव गरिएको छ । बैंकिंग क्षेत्रबाट उठाइने ऋणबाट देशको अर्थ व्यवस्थामा प्रतिकूल असर नपरोस् भन्नेतर्फ मैले ध्यान दिएको छु । राष्ट्रिय उत्पादन, निजी क्षेत्रको कर्जाको माग, वैदेशिक सम्पत्तिको स्थिति र निक्षेपमा हुन सक्ने वृद्धिलाई समेत प्रक्षेपण गर्दा मुद्रा प्रदायमा १० प्रतिशतभन्दा बढी विस्तार नहुने तथा कुल राष्ट्रिय उत्पादनको करीब २ प्रतिशतभन्दा बढी नहुने गरी न्यून वित्त परिचालन गरेको छु। वर्तमान आर्थिक स्थितिको सन्दर्भमा प्रस्तावित रकम बैंकबाट ऋण उठाएमा अर्थ व्यवस्थामा प्रतिकूल असर नपर्ने कुरा माननीय सदस्यहरूलाई विश्वास दिलाउन चाहन्छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६

अध्यक्ष महोदय,

६.१ मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको आदर्श अनुरूप सर्वसाधारण नेपालीलाई आफ्नो श्रम र सीपको सदुपयोग गरी अगाडि बढ्न उपयुक्त वातावरण सिर्जना हुन सक्नेछ । प्रस्तुत बजेटले मुख्यतः प्रतिस्पर्धा, उत्कृष्टता, जन-संलग्नता र कार्यकुशलता एवं आर्थिक प्रोत्साहनलाई नै जोड दिएको छ । यी नीतिहरूको अनुशरणबाट नेपालीहरूले सृजनात्मक प्रतिभाको प्रस्फुटन हुने अवसर पाई अर्थ व्यवस्थामा गतिशीलता आउनेछ भन्ने कुरामा म विश्वस्त छु ।

६.२ देशको द्रुततर आर्थिक विकासको लागि आवश्यक साधन परिचालन गर्नु अपरिहार्य छ । यस सन्दर्भमा सरकारी क्षेत्रबाट मात्र लगानीको बढ्दो आवश्यकता पूर्ति गर्न नसकिने कुरा स्पष्ट छ । यस कारण निजी क्षेत्र तथा स्थानीय पञ्चायतबाट बढी मात्रामा साधनको परिचालन गरी लगानीको परिमाण बढाउनु जरूरी छ । मैले माथि उल्लेख गरेको विभिन्न वित्तीय संस्थाहरूको विकासबाट साना उद्यमी र व्यापारी-हरूलाई साधन उपलब्ध हुन सक्नेछ । यसको अतिरिक्त यी संस्थाहरूले परिचालन गरेको साधनबाट जिल्ला पञ्चायतहरूले पनि लगानी गर्ने अवसर पाउने हुनाले ग्रामीण क्षेत्रमा संकलित बचत शहरी क्षेत्रमा उपयोग हुनुको बदलामा ग्रामीण क्षेत्रकै विकास कार्यमा लगानी हुने वातावरण बन्नेछ ।

६.३ वर्तमान अवस्थामा सर्वसाधारण जनताले सामना गर्नु परेका कठिनाइहरूमा मूल्य वृद्धि, बेरोजगारी र आफ्नो जीवन यापनको लागि न्यूनतम सुविधाको अभाव नै मुख्य हुन् । हाम्रो योजना, नीति र कार्यक्रमहरू यी कठिनाइहरू हटाउनेतर्फ नै परिलक्षित हुनु जरूरी छ । यस अनुसार सर्वसाधारणले प्रयोग गर्ने वस्तुहरूको भन्सार, बिक्री कर तथा अन्तःशुल्क घटाइएको हुनाले मूल्य स्थितिमा अनुकूल प्रभाव पर्नेछ भने कबुलियती वन विकास, कृषि उपजको समर्थन मूल्य नीति तथा कार्यक्रम, खाद्यान्न खरीद व्यवस्था आदि कार्यक्रमबाट रोजगारीका अवसरहरूमा बृद्धि हुनेछ । वास्तवमा मैले माथि उल्लेख गरेका नीति र कार्यक्रमहरूको कार्यान्वयनबाट समष्टि रूपमा देशको आर्थिक क्रियाकलाप बढ्न गई उत्पादन, रोजगारी र मूल्य स्थितिमा सकारात्मक असर पर्नेछ भन्ने आशा राखेको छु ।

६.४ हाम्रो विकासको प्रक्रियामा देखिएको एक प्रमुख कमजोरी विकास आयो-जनाहरूको कार्यान्वयन लक्ष्यमूलक नहुनु हो । यसमा सुधार ल्याउन राष्ट्रिय दृष्टिले प्राथमिकता प्राप्त केही आयोजनाहरूमा आगामी वर्षदेखि कार्यक्रममूलक बजेट प्रणाली

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागू गरिएको छ भने अर्कोतर्फ कार्यकुशलताको आधारमा आर्थिक प्रोत्साहन दिने व्यवस्था गरिएको छ। यस नयाँ परिपाटीबाट आयोजनाहरूको कार्यान्वयनमा तीव्रता आउने विश्वास लिएको छु।

६.५ अन्त्यमा श्री ५ महाराजाधिराज सरकारको बरद नेतृत्वमा दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाले एकातिर देशको बिकासमा सबैलाई सहभागी हुने मौका दिएको छ भने अर्कोतिर मुलुकमा शान्ति र स्थायित्व प्रदान गरेको छ। विकासको लागि अपरिहार्य यी राजनैतिक पूर्वाधारहरूको जगमा हाम्रो व्यवस्थाको आदर्श अनुरूप आर्थिक उन्नतिको बलियो जग हामीले खडा गर्नु परेको छ।

६.६ नेपालको विकासको लागि सबैभन्दा ठूलो साधन नेपालीहरूको परिश्रम र प्रतिभा नै हो। यही साधनको बढी-से-बढी उपयोग हुन सक्ने वातावरण खडा गर्नु नै श्री ५ को सरकारको जिम्मेवारी र दायित्व हो। लुकेर बसेको प्रतिभा, श्रमशक्ति र नेपालीको हिम्मतलाई आर्थिक सन्तुलन र गतिशीलताको परिधिभित्र अगाडि बढाउन सक्नुमा नै हाम्रो आर्थिक सफलता निर्भर गर्दछ। आर्थिक वर्ष २०४१।४२ को बजेटले यही वास्तविकतालाई हृदयंगम गरी सोही अनुकूल वातावरण खडा गर्ने र साधनको सदुपयोग गर्ने कोशिश गरेको छ। यस पुनीत कार्यमा माननीय सदस्यहरूबाट सहयोग, मार्गनिर्देशन र प्रेरणा मिल्नेछ भन्ने मैले आशा गरेको छु।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आय-व्ययको विवरण

रू. हजारमा

| २०३९।४० को यथार्थ | विवरण | २०४०।४१ को संशोधित अनुमान | २०४१।४२ को अनुमान |
|---|---|---|---|
| ६,९७,९२,४४ | कुल खर्च | ७,३२,३२,९६ | ९,८०,९१,६४ |
| १,९९,७१,०५ | साधारणतर्फ | २,२६,३३,६४ | ३,०७,९२,०७ |
| ४,९८,२१,३९ | विकासतर्फ | ५,०५,९९,३२ | ६,७२,९९,५७ |
| | **खर्च व्यहोर्ने स्रोतहरू** | | |
| २,८४,१६,२९ | राजस्वबाट | ३,४०,३७,०० | ४,१९,००,७७ |
| | आयको वर्तमान स्रोतबाट | | ३,९६,९५,७७ |
| | कर परिवर्तनबाट | | २२,०५,०० |
| १,०९,०१,२६ | विदेशी सहायता (अनुदान) | १,१४,५८,६५ | १,६१,६६,५९ |
| ८८,०९,०८ | द्विपक्षीय | ९५,९४,८८ | १,२६,७४,९३ |
| २०,९२,१८ | बहु पक्षीय | १८,६३,७७ | ३४,९१,६६ |
| −३,०४,७४,८९ | बचत (+) वा न्यून (−) | −२,७७,३७,३१ | −४,००,२४,२८ |
| | **न्यून पूर्ति गर्ने स्रोतहरू** | | |
| ९८,५७,३६ | विदेशी सहायता (ऋण) | १,३७,३८,८८ | २,५९,९६,९३ |
| ६,६२,७५ | द्विपक्षीय | १६,८१,०२ | ३६,९६,५९ |
| ९१,९४,६१ | बहु पक्षीय | १,२०,५७,८६ | २,२३,००,३४ |
| २,०६,१७,५३ | आन्तरिक ऋण | १,३९,९८,४३ | १,४०,२७,३५ |
| २,०६,१७,५३ | (क) बैंकिग क्षेत्रबाट ऋण | ८९,९८,४३ | ९०,२७,३५ |
| × | (ख) गैरबैंकिंग क्षेत्रबाट ऋण | ५०,००,०० | ५०,००,०० |
| × | नगद मौज्दात (बचत−) | × | × |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजस्व अनुमान
## २०४१।४२

रु. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन बाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कुल जम्मा | ३,९६,९५,७७ | २२,०५,०० | ४,१९,००,७७ |
| १.१.१.० | भन्सार महसुल | | ८०,८०,०० | ६,१०,०० | ८६,९०,०० |
| १.१.१.१ | | पैठारीबाट | ७०,००,०० | ३,२५,०० | ७३,२५,०० |
| १.१.१.२ | | निकासीबाट | २,५०,०० | ७५,०० | ३,२५,०० |
| १.१.१.३ | | भारतीय अन्तः शुल्क फिर्ता | ८,००,०० | २,००,०० | १०,००,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ३०,०० | १०,०० | ४०,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | १,५७,९३,०० | ७,०९,०० | १,६५,०२,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ४८,४०,०० | ३,६०,०० | ५२,००,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | ३०,०० | १५,०० | ४५,०० |
| १.१.२.३ | | बिक्री कर | ९२,००,०० | ३,००,०० | ९५,००,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | २,३३,०० | ३४,०० | २,६७,०० |
| १.१.२.६ | | होटेल कर | ३,१५,०० | + | ३,१५,०० |
| १.१.२.७ | | हवाई उडान कर | २,७५,०० | + | २,७५,०० |
| १.१.२.८ | | ठेक्का कर | ८,००,०० | + | ८,००,०० |
| १.१.२.९(क) | | घर निर्माण कर | १,००,०० | + | १,००,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २६,४०,०० | | २६,४०,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ८,५०,०० | + | ८,५०,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | १७,९०,०० | + | १७,९०,०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ३६,१०,०० | ८,८६,०० | ४४,९६,०० |
| १.१.४.१ | | आय कर–सरकारी क्षेत्र | ७,००,०० | ३,००,०० | १०,००,०० |
| १.१.४.२ | | आय कर–अर्धसरकारी क्षेत्र | १,००,०० | ५०,०० | १,५०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.४.३ | | आय कर–सार्वजनिक क्षेत्र | ८०,०० | ५०,०० | १,३०,०० |
| १.१.४.४ | | आय कर–निजी क्षेत्र | २१,००,०० | ३,२०,०० | २४,२०,०० |
| १.१.४.५ | | आय कर–पारिश्रमिक | १,००,०० | + | १,००,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घर जग्गा कर | २,००,०० | १,६६,०० | ३,६६,०० |
| १.१.४.८ | | सवारी साधन कर | १,७५,०० | + | १,७५,०० |
| १.१.४.९ | (क) | ब्याज कर | १,५५,०० | + | १,५५,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | २६,००,०० | | २६,००,०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ८०,०० | + | ८०,०० |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | १५,०० | + | १५,०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ७०,०० | + | ७०,०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | १,३५,०० | + | १,३५,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | २६,००,०० | + | २६,००,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | २३,२५,०० | + | २३,२५,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | २०,०० | + | २०,०० |
| १.१.६.२ | | पानीपोत | १०,०० | + | १०,०० |
| १.१.६.३ | | विद्युत महसूल | २,२५,०० | + | २,२५,०० |
| १.१.६.४ | | हुलाक सेवा | ३,१०,०० | + | ३,१०,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १,००,०० | + | १,००,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ९०,०० | + | ९०,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ६,००,०० | + | ६,००,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ४,२५,०० | + | ४,२५,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ५,४५,०० | + | ५,४५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रु हजारमा

| संङ्केत संख्या | शीर्षक | उप-शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.७.० | लाभाँश | | १४,५६,०० | + | १४,५६,०० |
| १.१.७.१ | | वित्तीय संस्था | १३,५०,०० | + | १३,५०,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १०,०० | + | १०,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ६४,०० | + | ६४,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ३२,०० | + | ३२,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | २,५२,०० | + | २,५२,०० |
| १.१.८.१ | | खानी रोयल्टी | २०,०० | + | २०,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | ५५,०० | + | ५५,०० |
| १.१.८.४ | | अन्य बिक्री | १,७७,०० | + | १,७७,०० |
| १.१.८.० | (क) टकमरी तथा टक्सारको अन्य आय | | १०,०० | + | १०,०० |
| १.१.८.५ | | टकमरी | — | + | — |
| १.१.८.६ | | टक्सारको अन्य आय | १०,०० | + | १०,०० |
| १.१.९.० | साँवा र व्याज | | २५,२९,७७ | + | २५,२९,७७ |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | १३,४२,७७ | + | १३,४२,७७ |
| १.१.९.२ | | व्याज कम्पनी र संस्थानहरूबाट | ११,७२,०० | + | ११,७२,०० |
| १.१.९.३ | | अन्य साँवा र व्याज | १५,०० | + | १५,०० |
| १.१.९.० | (क) विविध आय | | १,००,०० | + | १,००,०० |
| १.१.९.४ | | विविध आय | १,००,०० | + | १,००,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३९।४० को यथार्थ र २०४०।४१ को संशोधित अनुमान (राजस्व)

रू. हजारमा

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३९।४० को यथार्थ | २०४०।४१को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | २,८४,१६,२९ | ३,४०,३७,०० |
| १.१.१.० | भन्सार महसूल | | ७६,०६,१५ | ७८,७०,०० |
| १.१.१.१ | | पैठारीबाट | ७१,४८,१५ | ७१,५०,०० |
| १.१.१.२ | | निकासीबाट | २,५०,९९ | २,९०,०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | २,००,२३ | ४,२५,०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ६,७८ | ५,०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | १,२१,५१,०३ | १,३८,००,०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ३५,५४,९४ | ४३,७५,०० |
| १.१.२.२ | | मद्‌भट्टी ठेक्का रकम | १,०२,९५ | ६५,०० |
| १.१.२.३ | | बिक्री कर | ७०,९२,८७ | ७७,००,०० |
| १.१.२.४ | | मनोरञ्जन कर | १,६२,९४ | २,२५,०० |
| १.१.२.६ | | होटेल कर | २,९०,३८ | ३,२५,०० |
| १.१.२.७ | | हवाई उडान कर | २,२७,३० | २,५०,०० |
| १.१.२.८ | | ठेक्का कर | ७,०४,३९ | ८,००,०० |
| १.१.२.९ | | सडक पुल सम्भार कर | १५,२६ | ५०,०० |
| १.१.२.९ (क) | | घर निर्माण कर | — | १०,०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | १७,१४,५५ | २२,५०,०० |
| १.१.३.१ | | माल तथा मालपोत कार्यालयबाट उठाइने | ६,६७,०५ | ८,५०,०० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तूर | १०,४७,५० | १४,००,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३९।४० को यथार्थ | २०४०।४१ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | २७,३६,७० | ३७,७५,०० |
| १.१.४.१ | | आय कर-सरकारी क्षेत्र | ५,३३,७२ | ७,००,०० |
| १.१.४.२ | | आय कर-अर्ध सरकारी क्षेत्र | १५,३२ | ५०,०० |
| १.१.४.३ | | आय-कर-सार्वजनिक क्षेत्र | ३,०० | २५,०० |
| १.१.४.४ | | आय कर-निजी क्षेत्र | १७,३९,४८ | २४,००,०० |
| १.१.४.५ | | आय कर-पारिश्रमिक | १,१०,०६ | ७५,०० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १,१४,३१ | २,००,०० |
| १.१.४.८ | | सवारी साधन कर | १,०९,६१ | १,७५,०० |
| १.१.४.९ (क) | | व्याज कर | १,११,२० | १,५०,०० |
| १.१.५.० | दस्तूर, दण्ड जरीवाना र जफत | | ७,१४,५२ | १८,४२,०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तूर | ५१,८० | ७०,०० |
| १.१.५.३ | | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | ७,७७ | १०,०० |
| १.१.५.४ | | सवारी इजाजत दस्तूर | ३१,३१ | ६२,०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरीवाना तथा जफत | १,००,९२ | १,२५,०० |
| १.१.५.६ | | प्रशासनिक दस्तूर, दण्ड जरीवाना तथा जफत | ५,२२,७२ | १५,७५,०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | | १६,२८,८० | १८,७२,०० |
| १.१.६.१ | | पिउने पानी महसूल | ६,२१ | ६,५० |
| १.१.६.२ | | पानीपोत | ८,८६ | ९,५० |
| १.१.६.३ | | विद्युत् महसूल | ४०,८२ | २,००,०० |
| १.१.६.४ | | हुलाक सेवा | २,२७,४० | ३,००,०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | १,०५,६६ | ८६,०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ३६,१८ | ७५,०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ५,३९,२४ | ५,००,०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ३,५१,६६ | ३,७५,०० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ३,१२,७७ | ३,२०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सङ्केत संख्या | शीर्षक | उप-शीर्षक | २०३९।४० को यथार्थ | २०४०।४१को संशोधित अनुमान |
|---|---|---|---|---|
| १.१.७.० | लाभाँश | | ११,९०,४८ | १३,००,०० |
| १.१.७.१ | | वित्तीय संस्था | ११,४४,११ | ११,७५,०० |
| १.१.७.२ | | व्यापारिक संस्था | ८२ | १०,०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ४४,६५ | ७५,०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ६० | ४०,०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | | ९१,५७ | ५,१८,०० |
| १.१.८.१ | | खानी रोयल्टी | १३,९० | १८,०० |
| १.१.८.३ | | अन्य रोयल्टी | २६,४५ | ५०,०० |
| १.१.८.४ | | अन्य बिक्री | ५१,२२ | ४,५०,०० |
| १.१.८.० | (क) टकमरी तथा टकसारको अन्य आय | | ६६,३१ | ४०,०० |
| १.१.८.७ | | टकमरी | ६०,०९ | २९,१६ |
| १.१.८.८ | | टकसारको अन्य आय | ६,२२ | १०,८४ |
| १.१.९.० | साँवा र ब्याज | | ४,७७,०२ | ७,२०,०० |
| १.१.९.१ | | साँवा-कम्पनी र संस्थानहरूबाट | ३,३६,५१ | ४,००,०० |
| १.१.९.२ | | ब्याज-कम्पनी र संस्थानहरूबाट | १,२६,०१ | ३,००,०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | ११,५० | २०,०० |
| १.१.९.० | (क) विविध आय | | ३३,१६ | ५०,०० |
| १.१.९.४ | | विविध आय | ३३,१६ | ५०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# व्यय अनुमान
## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान | शीर्षक | २०३९।४० को यथार्थ | २०४०।४१ को संशोधित अनुमान | २०४१।४२ को अनुमान |
|---|---|---|---|---|---|
| १ | १–१ | श्री ५ महाराजाधिराज | | | |
| संवैधानिक अङ्ग | | तथा राजपरिवार | १,५८,६३ | १,७१,६६ | १,७२,५१ |
| | १–२ | राजसभा | १२,२४ | १८,२० | २०,१६ |
| | १–३ | राष्ट्रिय पञ्चायत | ६६,८३ | ८०,३९ | ८७,०२ |
| | १–४ | महालेखा परीक्षकको विभाग | ६४,६२ | ८४,५२ | १,०३,४३ |
| | १–५ | सर्वोच्च अदालत | ३८,८२ | ४३,६९ | ३४,८३ |
| | १–६ | लोक सेवा आयोग | ७५,९६ | ८२,९३ | ९२,९८ |
| | १–७ | निर्वाचन आयोग | ४२,४३ | ३६,६५ | ६३,९२ |
| | १–८ | अख्तियार दुरूपयोग | | | |
| | | निवारण आयोग | ८,९८ | १४,३६ | ११,३० |
| | १–९ | महान्यायाधिवक्ताको कार्यालय | २९,५६ | १४,७८ | १६,८४ |
| | १–१० | पंचायत नीति तथा जाँचबुझ समिति | ४६,३९ | ५४,८८ | ६०,८४ |
| २ | २–१ | मन्त्रिपरिषद् | ४७,३१ | ४६,४९ | ४४,१९ |
| साधारण प्रशासन | २–२ | श्री ५ को सरकारको | | | |
| | | सचिवालय | ३,९०,०८ | ३,८६,३० | ४,३७,४[illegible] |
| | २–३ | जिल्ला प्रशासन | ३,७४,०५ | ३,५३,३८ | ४,२६,६९ |
| | २–४ | प्रहरी | २१,०२,४४ | २३,२७,९९ | २९,३१,७९ |
| | २–५ | कारागार | २,१९,३३ | २,०२,३३ | २,५१,१८ |
| | २–६ | विविध | १,०३,४० | ९१,११ | १,०९,२७ |
| | २–७ | प्रशासन सुधार | – | १,५० | १,५० |
| ३ | ३–१ | मालपोत | २,५९,७१ | २,३९,६३ | २,९८,४३ |
| राजस्व प्रशासन | ३–२ | भन्सार | १,५३,६३ | १,४५,५७ | १,९३,२४ |
| | ३–३ | अन्तःशुल्क | ६६,७५ | ६४,६४ | ८१,९४ |
| | ३–४ | कर | ६३,५८ | ७२,१२ | ८४,४४ |
| | ३–५ | राजस्व न्यायाधिकरण | २,३३ | २,५० | २,६२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३९।४० को यथार्थ | २०४०।४१ को संशोधित अनुमान | २०४१।४२ को अनुमान |
|---|---|---|---|---|---|
| ४ | ४–१ | योजना | ९,२१ | ११,५२ | १५,६१ |
| आर्थिक प्रशासन | ४–२ | तथ्याङ्क | ९,१९ | १०,३९ | ११,४४ |
| र योजना | ४–३ | महालेखा नियन्त्रक कार्यालय | २,०४,११ | २,२७,५१ | २,४८,९८ |
| | ४–४ | मेट्रिक नापतौल | २०,४६ | १९,४५ | २२,१२ |
| | – | टक्सार | ७८,३४ | – | – |
| ५ | ५–१ | अदालत | ३,८२,४४ | ३,८१,६७ | ४,४६,१७ |
| न्याय प्रशासन | ५–२ | अ.दु.नि. पुनरावेदन अदालत | २,६८ | २,५३ | २,७२ |
| ६ | ६–१ | वैदेशिक सेवा | ४,४१,९७ | ४,३४,२८ | ५,३१,९५ |
| वैदेशिक सेवा | ६–२ | विविध | ८२,४८ | ८९,४० | १,४६,३३ |
| ७ | ७–१ | रक्षा | ३३,७३,४१ | ३७,४०,१० | ४४,९६,४५ |
| रक्षा | ७–२ | विविध | ५,५०,५२ | ६,६२,४९ | ७,९५,७१ |
| ८ | ८–१ | शिक्षा | १२,९४,१९ | १३,५३,१२ | १६,७६,९८ |
| सामाजिक | ८–२ | स्वास्थ्य | १०,२३,२२ | १२,७४,२० | १५,०७,३३ |
| सेवाहरू | ८–३ | पिउनेपानी | ६४,१० | ७५,२८ | ९६,९३ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | ५,१७,७७ | ६,५७,६६ | ७,०६,९९ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | ३,०५,२५ | ३,४९,३४ | ३,२१,४७ |
| ९ | ९–१ | कृषि | ४५,४७ | ४९,८५ | ६५,९० |
| आर्थिक सेवाहरू | ९–२ | सिंचाइ | ४६,८१ | ५९,२७ | ६४,५८ |
| | ९–३ | भूमिसुधार | १,८१,०९ | १,८८,१३ | १,७५,९९ |
| | ९–४ | नापी | ६८,०२ | ७५,३९ | ८८,२१ |
| | ९–५ | वन | ७३,३५ | ८३,९८ | ९१,५५ |
| | ९–६ | उद्योग तथा खानी | ४१,३८ | ४६,६६ | ५२,१२ |
| | ९–७ | सञ्चार | ५,८४,०३ | ६,९२,९८ | ८,१४,२६ |
| | ९–८ | यातायात | ५,०७,६१ | ५,४४,६७ | ६,६४,०६ |
| | ९–९ | विद्युत | ७६,९७ | ७५,४४ | ८७,४१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३९।४० को यथार्थ | २०४०।४१ को संशोधित अनुमान | २०४१।४२ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ३३,२३ | ३१,५८ | ३२,९२ |
| १० ऋण तथा लगानी | १०–१ | ऋण र लगानी | ३२,६५ | १,२५,०० | १,११,६४ |
| ११ साँवा र ब्याज भुक्तानी | ११–१ | साँवा भुक्तानी | ९,३६,१३ | १८,११,१३ | १८,५४,३२ |
| | ११–२ | ब्याज भुक्तानी | २१,३३,३२ | ३२,३१,३९ | ५०,६५,४१ |
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १,२४,२१ | २,७७,७२ | २,५०,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ४,२३,९१ | ४,१०,०० | ५,००,०० |
| | १२–३ | अतिथि सत्कार | – | २,०० | २,०० |
| | १२–४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | ४१ | ६४ | १,०० |
| | १२–५ | मुआव्जा | ७,२७ | ७,३८ | १०,०० |
| | १२–६ | अन्य | ८,०६,७२ | ६,८८,३२ | १०,०७,०० |
| | १२–७ | भैपरी आउने | ११,५९,०६ | ४,०७,५५ | ३३,००,०० |
| | | | १,९९,७१,०५ | २,२६,३३,६४ | ३,०७,९२,०७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# व्यय अनुमान
## (विकास बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३९।४०को यथार्थ | २०४०।४१को संशोधित अनुमान | २०४१।४२को अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २–७ | प्रशासन सुधार | ७६,३६ | १,४७,७३ | १,३७,१६ |
| ४ | ४–१ | योजना | ६६,१० | १,२१,६७ | ३५,०८ |
| आर्थिक प्रशासन र योजना | ४–२ | तथ्याङ्क | १,०६,२० | ६३,१६ | ३८,३३ |
| ८ | ८–१ | शिक्षा | ६०,४५,८१ | ६५,७५,७७ | ७४,३०,२४ |
| सामाजिक | ८–२ | स्वास्थ्य | २१,६२,६० | २१,९९,७९ | ३३,२८,२८ |
| सेवाहरू | ८–३ | पिउने पानी | २४,१८,९३ | २२,९५,१५ | २३,९५,०३ |
| | ८–४ | पञ्चायत तथा स्थानीय विकास | ३३,५१,४९ | ३४,०६,९५ | ४३,१६,५६ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १४,२२,४५ | ६,१७,७६ | ६,९९,८३ |
| ९ | ९–१ | कृषि | ६६,८६,२५ | ६३,१४,७९ | ९८,९०,६४ |
| आर्थिक सेवाहरू | ९–२ | सिंचाइ | ४८,७४,१२ | ५०,२२,१४ | ८१,४१,६७ |
| | ९–३ | भूमिसुधार | २,०६,३१ | १,९१,१७ | १,८६,४५ |
| | ९–४ | नापी | ४,५५,५५ | ४,३५,६७ | ४,२८,०० |
| | ९–५ | वन | २२,८१,४२ | २०,६६,०१ | ३२,२१,२४ |
| | ९–६ | उद्योग तथा खानी | ३७,३०,२८ | ४९,०१,८५ | ५२,२८,३८ |
| | ९–७ | सञ्चार | ७,४२,९३ | १०,००,८६ | ११,०५,१७ |
| | | (क) हुलाक | (४०,७६) | (६५,३०) | (६५,७०) |
| | | (ख) दूरसञ्चार | (७,०२,१७) | (९,३५,५६) | (१०,३९,४७) |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२१८

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३९।४० को यथार्थ | २०४०।४१ को संशोधित अनुमान | २०४१।४२को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | ८०,२२,०४ | ८१,४७,८५ | ९२,३०,६१ |
| | | (क) सडकहरू | (६२,३८,९२) | (६३,९५,२३) | (६८,३२,९६) |
| | | (ख) पुलहरू | (४,३६,३६) | (५,०६,५२) | (६,७३,५०) |
| | | (ग) हवाई | (१३,४६,७६) | (१२,३६,१०) | (१७,१२,१५) |
| | | (घ) अन्य यातायात | – | (१०,००) | (१२,००) |
| | ९–९ | विद्युत | ४४,३२,७८ | ५९,६९,८६ | ९६,०४,६६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | १४,३९,०९ | ३,७६,२२ | ४,३२,२१ |
| | | (क) वाणिज्य | (१२,७०,०२) | (१,५७,३६) | (१,६१,३४) |
| | | (ख) श्रम | (२१,६०) | (३९,७०) | (४०,४८) |
| | | (ग) पर्यटन | (५७,३०) | (६४,६२) | (६८,६०) |
| | | (घ) हावापानी तथा जलविज्ञान | (९०,१७) | (१,००,०४) | (१,३०,२९) |
| | | (ङ) अन्य | – | (१४,५०) | (३१,५०) |
| १२ | १२–६ | अन्य | ९,०४,२० | ३,८०,०० | ९,५०,०० |
| विविध | १२–७ | भैपरि आउने | ३,६३,१८ | ३,६४,६२ | ५,००,०० |
| | | | ४,९८,२१,३९ | ५,०५,९९,३२ | ६,७२,९९,५७ |

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।